मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



प्रजातन्त्रको सम्मान गरौं।

❖राज्यशक्तिका स्रोत जनता हुन्।
❖निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो।
❖आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
❖नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्।
❖प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ।
❖कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
❖शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
❖सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
❖सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।


प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २८ ★ अङ्क : ४६ ★ ने. सं. ११४६ चिल्ला गा, सप्तमी ★ मङ्गलबार ★ २६ फागुन, २०८२ ★ March 10, 2026, Tuesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## नेपाल मजदुर किसान पार्टीद्वारा मतदाताहरूलाई धन्यवाद


नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर - ७

फोन : ६६१०९७४, ६६१००२६
इ–मेल : nwpp@ntc.net.np
मिति: २०८२/११/२५

च.नं.

प्रेस वक्तव्य

मतदाताहरूलाई धन्यवाद

पुँजीवादी संसदीय निर्वाचनबाट समाजवाद आउँदैन । तथापि, नेपाल मजदुर किसान पार्टीले देश र व्यापक जनताको सेवा एवम् हितका लागि प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी संघ-संस्थाहरूमा पनि गएर काम गर्ने नीति लिई पञ्चायतकालदेखि नै नि:स्वार्थरुपले सङ्घर्ष गर्दै आएको नेपाली जनतामा विदितै छ । यही भावनालाई आत्मसात् गर्दै नेमकिपाले फागुन २१ गते सम्पन्न निर्वाचनलाई पनि उपयोग गरेको हो । यो निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको चुनाव चिन्ह मादलमा आफ्नो अमूल्य मत दिएर पार्टीप्रति गर्नुभएको विश्वासका लागि सम्पूर्ण मतदाताहरूमा आभार व्यक्त गर्दछौं ।

पार्टीले यो निर्वाचनको नतिजाबारे समीक्षा गर्ने विश्वास सम्पूर्ण मतदाता र शुभचिन्तकहरूलाई दिलाउँदछौं ।

देशको स्वाधीनता र जनताको हितका लागि कार्य गर्न निर्वाचनमा विजयी सम्पूर्ण उम्मेदवारहरूलाई नेमकिपा बधाई तथा शुभकामना व्यक्त गर्दछ । नेमकिपा देशको सार्वभौमिकता र जनताको सर्वोपरी हितका लागि सरकारलाई सडकबाट निरन्तर खबरदारी गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । आगामी दिनमा पनि नेपाल मजदुर किसान पार्टी देश र जनताको नि:स्वार्थ सेवामा सदैव लागिरहने छ । धन्यवाद ।

२०८२/११/२५
प्रेम सुवाल
सचिव

भक्तपुर, २५ फागुन । नेपाल मजदुर किसान पार्टी केन्द्रीय समितिले सोमबार एक प्रेस वक्तव्य प्रकाशित गरी मतदाताहरूलाई धन्यवाद ज्ञापन गरेको छ । पार्टी सचिव प्रेम सुवालको हस्ताक्षरमा प्रकाशित उक्त वक्तव्यको पूर्ण पाठ प्रकाशित गरिएको छ -

"पुँजीवादी संसदीय निर्वाचनबाट समाजवाद आउँदैन । तथापि, नेपाल मजदुर किसान पार्टीले देश र व्यापक जनताको सेवा एवम् हितका लागि प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ-संस्थाहरूमा पनि गएर काम गर्ने नीति लिई पञ्चायतकालदेखि नै नि:स्वार्थरूपले सङ्घर्ष गर्दै आएको नेपाली जनतामा विदितै छ । यही भावनालाई आत्मसात् गर्दै नेमकिपाले फागुन २१ गते सम्पन्न निर्वाचनलाई पनि उपयोग गरेको हो । यो निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको चुनाव चिह्न मादलमा आफ्नो अमूल्य मत दिएर पार्टीप्रति गर्नुभएको

*बाँकी पृष्ठ २ मा*

## इरानको सर्वोच्च नेता चयन उसको आन्तरिक मामिला : चीन


इरानी सर्वोच्च नेता मोज्तबा खामेनी

पेइचिङ, २५ फागुन (एएफपी) । इरानमा नयाँ सर्वोच्च नेताको चयनपछि उत्पन्न अन्तर्राष्ट्रिय प्रतिक्रियाका बिच चीनले यो निर्णय पूर्ण रूपमा इरानको आन्तरिक विषय भएको स्पष्ट गरेको छ । पेइचिङले सोमबार इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्ने बताउँदै नयाँ नेताविरुद्ध हुने कुनै पनि प्रकारको हस्तक्षेप वा लक्षित कारबाहीको विरोध गर्ने जनाएको छ ।

इरानका पूर्वसर्वोच्च नेता अली खामेनी अमेरिकी–इजरायली आक्रमणको पहिलो चरणमा मारिएपछि उहाँका छोरा मोजतबा खामेनीलाई नयाँ सर्वोच्च नेताका रूपमा चयन गरिएको थियो । त्यसपछि इजरायली सेनाले खामेनीका 'कुनै पनि उत्तराधिकारी' लाई लक्षित गर्न सक्ने चेतावनी दिएको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसअघि मोजतबा खामेनीलाई 'हल्का तौलको' नेता भनी टिप्पणी गरेका थिए । नयाँ इरानी नेता चयन गर्ने प्रक्रियामा अमेरिकाको पनि भूमिका हुनुपर्ने उनको आधारहीन दाबी सार्वजनिक भएको थियो ।

यस विषयमा सोमबार आयोजित नियमित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले इरानले नयाँ नेता चयन गरेको निर्णय 'यसको संविधानअनुसार गरिएको आन्तरिक प्रक्रिया' भएको बताउनुभयो । नयाँ नेताविरुद्ध सम्भावित कारबाहीबारे सोधिएको प्रश्नमा उहाँले चीन अन्य देशको आन्तरिक मामिलामा कुनै पनि बहानामा हस्तक्षेप गर्ने कार्यको विरोध गर्ने नीति कायम राखेको स्पष्ट पार्नुभयो ।

गुओका अनुसार चीनले इरानको सार्वभौमिकता, सुरक्षा तथा क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्ने धारणा राख्दै आएको छ । उहाँले सबै पक्षले संयमता अपनाउनुपर्ने आवश्यकता पनि औँल्याउनुभयो ।

पछिल्ला दिनहरूमा इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमाथि आक्रमण जारी राखेको बताइएको छ । त्यसको जवाफस्वरूप तेहरानले इजरायल र खाडी क्षेत्रका केही देशहरूतर्फ क्षेप्यास्त्र तथा ड्रोन आक्रमणको शृङ्खला सुरु गरेको छ । ती देशहरूमा अमेरिकी सैन्य उपस्थितिसमेत रहेको बताइएको छ ।

पेइचिङलाई तेहरानको घनिष्ठ साझेदार मानिन्छ । चीनले पूर्व सर्वोच्च नेता सैयद अली खामेनीको हत्याको निन्दा गरिसकेको छ । तर त्यससँगै खाडीका छिमेकी देशहरूतर्फ इरानले गरेको आक्रमणप्रति पनि चीनले असन्तुष्टि व्यक्त गरेको छ ।

क्षेत्रीय तनाव कम गराउने प्रयासस्वरूप चीनले कूटनीतिक पहल पनि अघि बढाएको जनाएको छ । मध्यपूर्वका लागि चीनका विशेष दूत झाई जुनले आइतबार साउदी अरेबियाका विदेशमन्त्री फैसल बिन फरहानसँग भेटघाट गर्नुभएको थियो । भेटमा उहाँले क्षेत्रीय तनाव कम गर्न सबै पक्षलाई संयम अपनाउन आग्रह गर्नुभएको बताइएको छ ।

झाई जुनले वार्ताको क्रममा तत्काल सैन्य कारबाही रोक्नुपर्ने र परिस्थितिलाई थप जटिल बन्न नदिन आवश्यक कदम चाल्नुपर्ने आवश्यकता औँल्याउनुभएको थियो । उहाँले क्षेत्रीय देशका सर्वसाधारण नागरिकहरूलाई थप क्षति नहोस् भन्ने विषयलाई पनि प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

यसअघि आइतबार चिनियाँ विदेशमन्त्री वाङ यीले पनि जारी युद्धप्रति चिन्ता व्यक्त गर्दै यस्तो सङ्घर्ष 'कहिल्यै हुनु नपर्ने' उल्लेख गर्नुभएको थियो । उहाँले युद्ध अन्त्य गर्न सबै पक्षले प्रयास गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

विश्लेषकहरूका अनुसार मध्यपूर्वमा बढ्दो तनावले विश्वव्यापी ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय व्यापारमा असर पार्ने जोखिम बढाएको छ । चीनका लागि पनि यसले ऊर्जा सुरक्षामा चुनौती थप्न सक्ने देखिन्छ ।

विश्लेषण फर्म क्लेपरको तथ्याङ्कअनुसार गत वर्ष इरानबाट निर्यात भएको कच्चा तेलमध्ये ८० प्रतिशतभन्दा बढी चीनतर्फ गएको थियो । यद्यपि, यो चीनले समुद्री मार्गबाट आयात गर्ने कुल तेलको तुलनामा अपेक्षाकृत सानो हिस्सा हो । यो करिब १३ प्रतिशत मात्र रहेको तथ्याङ्कले देखाएको छ ।

तर, चीनले आयात गर्ने कच्चा तेलको ठुलो हिस्सा अझै मध्यपूर्व क्षेत्रबाट आउने भएकाले त्यहाँको अस्थिरताले प्रत्यक्ष प्रभाव पार्न सक्छ । क्लेपरका अनुसार गत वर्ष चीनको कुल समुद्री कच्चा तेल आयातमध्ये आधाभन्दा बढी हिस्सा व्यापक मध्यपूर्व क्षेत्रबाट आएको थियो । यी आपूर्तिहरू मुख्यत: स्ट्रेट अफ होर्मुजमार्फत हुने समुद्री मार्गमा निर्भर रहेका छन् ।

### व्यङ्ग्यचित्र कुनो




## राजधानी काठमाडौंमै आठ हजार १९७ मत बदर

काठमाडौँ, २५ फागुन । यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सबैभन्दा बढी साक्षरता दर रहेको काठमाडौँमा आठ हजार १९७ मत बदर भएको छ ।

जिल्ला निर्वाचन कार्यालय, काठमाडौँका जिल्ला निर्वाचन अधिकारी ठाकुरप्रसाद भट्टराईका अनुसार काठमाडौँ क्षेत्र नं १० मा एक हजार २२६ मत बदर भएको छ । सो क्षेत्रमा ८३ हजार ३०१ मतदाता छन् । साठी हजार ४४१ मत खसेकोमा त्यसमध्येमा ५९ हजार २१५ मत सदर भएको थियो ।

निर्वाचन क्षेत्र नं ९ मा ९३३ मत बदर भएको छ । कूल ७८ हजार ४९५ मतदाता रहेको यस क्षेत्रमा ५२ हजार ७४० मत खसेको थियो । सो क्षेत्रमा ५१ हजार ८०७ मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं ८ मा ६२३ मत बदर भएको छ । त्यहाँ कूल मतदाता ५७ हजार ८११ छन् । सठ्तीस हजार ७९४ मत खसेकामा ३७ हजार १७१ मत सदर भएको थियो ।

निर्वाचन क्षेत्र नं ७ मा ८०५ मत बदर भएको छ । ६८ हजार ६८५ कूल मतदाता रहेको क्षेत्रमा ४४ हजार ८५७ मत खसेको थियो । यस क्षेत्रमा ४४ हजार ०५२ मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं ६ मा ८११ मत बदर भएको छ । ६७ हजार ७५९ कूल मतदाता रहेको यस क्षेत्रमा ४५ हजार २४८ मत खसेको थियो । यहाँ ४४ हजार ४३७ मत सदर भएको जिल्ला निर्वाचन कार्यालय काठमाडौँले जनाएको छ ।

निर्वाचन क्षेत्र नं ५ मा ९०२ मत बदर भएको छ । कूल ७८ हजार ११४ मतदाता रहेको यस क्षेत्रमा ५१ हजार ९६९ मत खसेको थियो । ५१ हजार ०६७ मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं ४ मा ८६२ मत बदर भएको छ । कूल ७६ हजार २५१ मतदाता रहेको यस क्षेत्रमा ५० हजार ९६३ मत खसेको थियो । खसेकोमध्येमा ५० हजार १०१ मत सदर भएको जनाइएको छ ।

*बाँकी पृष्ठ २ मा*

## वायु प्रदूषणबाट बच्न स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौँ, २५ फागुन । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वायु प्रदूषणबाट बच्न सबैलाई आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेकोले त्यसबाट बच्न सबैलाई आग्रह गर्नुभएको हो । उहाँले वायु प्रदूषणबाट मुटु, रक्तनली, फोक्सो, दम, क्यान्सर, आँखा, मिर्गौलालगायतमा समस्या देखिने भएकोले सचेत रहन आग्रह गर्नुभयो ।

मन्त्रालयका प्रवक्ता बुढाथोकीले दीर्घरोगी र गर्भवती महिलालाई समेत वायु प्रदूषणले असर गर्ने भएकोले त्यस्ता समूह सकभर बाहिर ननिस्कनसमेत अनुरोध गर्नुभएको छ । वायु प्रदूषणले बालबालिका, ज्येष्ठ नागरिक एवं दमखोकीजस्ता श्वासप्रश्वाससम्बन्धी दीर्घरोगीलाई बढी असर गर्ने भएकोले विशेष सावधानी अपनाउनसमेत मन्त्रालयले आग्रह गरेको छ ।

मन्त्रालयले सबैलाई बिहान र बेलुका बाहिर ननिस्कन र बाहिर निस्कन परे मास्क लगाउन आग्रह गरेको छ । पुराना गाडीले वायु प्रदूषण बढाउने, वनमा डढेलो, उद्योगधन्दा र विभिन्न निर्माण सामग्रीमा भएका धुलोधुवाँका कारणले प्रदूषण बढेको उहाँको भनाइ छ ।

अझै एकहप्ता काठमाडौँमा प्रदूषण रहने मन्त्रालयले जनाएको छ । वायु प्रदूषणको कारण काठमाडौँ उपत्यकाको आकाश धुम्म छ र घाम लाग्न सकेको छैन ।

वातावरण विभागका अनुसार केही दिनमा मौसमी प्रतिकूलताका कारण देशका विभिन्न भागमा प्रदूषणको स्तर बढ्दै गइरहेको छ । विशेषगरी काठमाडौँ, पोखरालगायत देशका ठुला सहरमा मसिना कणहरू बढेको जनाइएको छ ।



फलफूलको व्यापार
काठमाडौंको कालिमाटी फलफूल तथा तरकारी बजारमा बिक्रीका लागि राखेका फलफूल खरिद गर्दै सर्वसाधारण । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# भक्तपुर साकोसमा एकमहिने एड्भान्स मखमली जुत्ता बनाउने तालिम सञ्चालन

भक्तपुर, २५ फागुन । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. को व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजनामा एकमहिने एड्भान्स मखमली जुत्ता बनाउने तालिम आइतबारदेखि सञ्चालन भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले समय परिवर्तनशील छ भन्नुभयो । उहाँले समयले मागेबमोजिम आफूलाई क्षमतावान बनाउन सधैं क्रियाशील र लगनशील हुनुपर्ने बताउनुभयो ।

उहाँले प्रशिक्षक तथा समाजका अग्रज व्यक्तिबाट दिएको मार्ग निर्देशनलाई सदुपयोग गरी आफ्नो कला, क्षमता र सीप प्रयोग गरी बजारमा




नयाँपन दिन सके सबैले खोज्ने र समाजमा आफ्नो छुट्टै पहिचान बनाउन सफल हुने बताउनुभयो ।

भक्तपुर बचत सहकारीहरूबिचमा भिन्न प्रकृतिका क्रियाकलापहरूमार्फत समाजमा आफ्नो छुट्टै पहिचान बनाउन सधैं क्रियाशील छ, उहाँले भन्नुभयो ।

व्यवसाय प्रवर्द्धन उपसमितिका संयोजक तारादेवी धन्छाले तालिमले सीप विकास सँगसँगै स्वरोजगारी सिर्जना गरी समाजमा आफूलाई चिनाउने अवसर प्रदान गर्दछ भन्नुभयो ।

प्रशिक्षक भवानी कैतीले तालिम अवधिभर आफू पनि सिकौं र अरूलाई पनि सिकाइ सहकार्य गर्दै सामूहिक भावनाको विकास गरौं भन्नुभयो ।

व्यवसाय प्रवर्द्धन उपसमितिका सदस्य श्यामकृष्ण दुवालले तालिम सञ्चालनको औचित्यबारे बताउनुभयो ।

# गैरनेपाली नागरिकसँग आर्थिक कारोबार नगर्न सहकारी संस्थालाई कामपाको आग्रह

काठमाडौँ, २५ फागुन । काठमाडौँ महानगरपालिकाले गैरनेपाली नागरिकसँग आर्थिक कारोबार नगर्न सहकारी संस्थालाई आग्रह गरेको छ । कामपाले केही सहकारीहरूले विदेशी नागरिकलाई सहकारी संस्थाको सदस्य बनाई आर्थिक कारोबार गर्ने गरेको गुनासो आएको भन्दै कामपाले उक्त कार्य तत्काल बन्द गर्न सबै सहकारी संस्थालाई आग्रह गरेको हो ।

कामपा सहकारी विभागका प्रमुख धुव्रकुमार काफ्लेका अनुसार गैरनेपाली नागरिकलाई कुनै पनि सहकारी सदस्य बनाउने कार्य कानुनविपरीत रहेको भन्दै नियमसँग गर्न कारोबार गर्न सहकारीलाई आग्रह गरेको हो ।

कामपाको आग्रहलाई व्यवस्था गरे प्रचलित कानुनबमोजिम कारबाही गर्ने कामपाको तयारी रहेको छ । सहकारी ऐन, २०७४ दफा ३० र काठमाडौँ महानगरपालिका सहकारी ऐन, २०७४ को दफा २० मा सहकारी संस्थामा नेपाली नागरिक मात्र सदस्य हुन सक्ने स्पष्ट व्यवस्था रहेको पनि काफ्लेले जानकारी दिनुभयो ।

त्यसैगरी, सहकारी ऐन २०७४ को दफा ५० तथा काठमाडौँ महानगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ३९ मा सहकारी संस्थाहरूले सदस्य केन्द्रित भई बचत तथा ऋण कारोबार सञ्चालन गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ ।

काफ्लेले लामो समयदेखि साधारणसभा प्रतिवेदन नबुझाएका सहकारीलाई खारेजीको प्रक्रियामा नलाने पनि बताउनुभयो । यसरी प्रक्रियामा नै नआएका सहकारीलाई खारेजीमा लैजाँदा बचतकर्ताको रकम हिनामिना हुने भएकाले महानगरले पहिले प्रतिवेदन त्यसपछि मात्रै खारेजी प्रक्रिया अघि बढाउने भन्दै सोही अनुरूप प्रक्रया अघि बढाएको विभागको भनाइ छ ।

खारेजीको प्रक्रियामा आउने कुनै पनि सहकारीले सबैभन्दा पहिले उक्त सहकारीमा रकम बचत गर्ने बचतकर्ताको यकिन हुनुपर्ने, आर्थिक कारोबार पनि यकिन हुनुपर्ने जनाइएको छ । कामपाले दुई महिनाअघि नै सूचनामार्फत तोकिएको समयमा प्रतिवेदन पेस नगर्ने र साधारणसभा नगर्ने सहकारीलाई निष्क्रिय घोषणा गरी कानुनी कारबाही गरिने चेतावनी पनि दिइसकेको छ । हाल कामपामा एक हजार ९०० सहकारी छन् । जसमा सबैभन्दा बढी बचत तथा ऋण सहकारी रहेको कामपाले जानकारी दिएको छ ।

# खेलाडीहरूको तालाबन्दीमा एन्फाको ध्यानाकर्षण

काठमाडौँ, २५ फागुन । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले खेलाडीहरूले गरेको तालाबन्दीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

एन्फाले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै सातदोबाटोस्थित एन्फा केन्द्रीय कार्यालयमा भएको तालाबन्दीका कारण प्रशासनिक कामकाज प्रभावित भएको भन्दै तत्काल तालाबन्दी खोल्न सम्बन्धित पक्षलाई आह्वान गरेको छ ।

नेपाल फुटबल खेलाडी सङ्घले विभिन्न माग राखी आइतबार तालाबन्दी गरेको थियो । सङ्घका अनुसार केही खेलाडीहरूले तलब, भत्ता, पुरस्कार रकम, प्रतियोगिता तथा खेलाडी कल्याण कोषसम्बन्धी माग राख्दै तालाबन्दी गरेका हुन् । एन्फाले भने खेलाडीहरूको माग सम्बन्धित नियम तथा प्रक्रियाअनुसार समाधान गर्ने प्रयास भइरहेको बताएको छ ।

विज्ञप्तिमा ए डिभिजन क्लबका खेलाडीहरू राष्ट्रिय टोलीमा सहभागी हुँदा पाउने भत्ता र सेवा-सुविधासम्बन्धी व्यवस्था स्पष्ट रूपमा उल्लेख गरिएको जनाइएको छ ।

एन्फाले पुरस्कार रकम तथा अन्य भुक्तानी नियमअनुसार क्रमशः उपलब्ध गराइने बताउँदै तालाबन्दीका कारण फुटबल गतिविधिमा नकारात्मक प्रभाव पर्नसक्ने भएकाले सम्बन्धित पक्षलाई संवादमार्फत समस्या समाधान गर्न आग्रहसमेत गरेको छ ।

# निर्वाचन आचारसंहिता निष्क्रिय हुने

काठमाडौँ, २५ फागुन: निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचन र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गत माघ ४ गते राति १२ बजेदेखि लागू गरेको 'निर्वाचन आचारसंहिता, २०८२' सोमबार रातिदेखि लागू नहुने निर्णय गरेको छ । आयोगले सोमबार यस्तो निर्णय गरेको प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । गत माघ ११ गते सम्पन्न राष्ट्रियसभा सदस्य निर्वाचन र फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १ को उपदफा (२) बमोजिम आचारसंहिताको व्यवस्था गत माघ ४ गते रातिदेखि अर्को सूचना जारी नभएसम्मका लागि लागू गरिएको थियो ।

गत माघ ४ गतेको आयोगको निर्णयअनुसार त्यसै राति १२ बजेदेखि आचारसंहिता लागू भएको थियो । उक्त आचारसंहिता निष्क्रिय हुने आयोगले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# दुई महिनापछि खुले तल्लो मुस्ताङका विद्यालय

मुस्ताङ, २५, फागुन । यहाँस्थित तल्लो मुस्ताङका विद्यालय दुई महिनापछि खुलेका छन् । हिउँदयाममा चिसोका कारण बन्द भएका यहाँको बारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका विद्यालय सोमबारदेखि खुलेको शिक्षा विकास तथा समन्वय एकाइ मुस्ताङले जनाएको छ ।

यहाँका विद्यालयहरूले अर्धवार्षिक परीक्षा सकेर पुस महिनाको पहिलो हप्ता विद्यार्थीहरूलाई जाडो बिदा दिएको थियो । शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख रामेश्वर लामिछानेका अनुसार ती क्षेत्रमा १८ वटा विद्यालय छन् ।

मुस्ताङमा हिउँदयाममा पूरै विद्यालय बन्द गरेका शैक्षिक संस्थाले ४५ दिनको सरकारी बिदा र १५ दिनको सट्टा बिदा कटौती गर्ने गरी दुई महिना विद्यालय बन्द गर्ने गरेका छन् । त्यसैगरी जाडो छल्न बेँसी झरेका माथिल्लो मुस्ताङका विद्यालयहरूले ४५ दिने सरकारी बिदा गरेर वैशाख महिनामा साविकको स्थानमा शैक्षिक पठनपाठन सुरू गर्ने गर्छन् ।

# साहको उम्मेदवारी खारेजसम्बन्धी सक्कल फाइल झिकाउने आदेश

काठमाडौँ, २५ फागुन । सर्वोच्च अदालतले धनुषा निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेजसम्बन्धी निर्णयको फाइलसहित यही फागुन २९ गते उपस्थित हुन निर्वाचन आयोगको नाममा आदेश गरेको छ ।

न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले सोमबार रास्वपाका उम्मेदवार साहको उम्मेदवारी खारेज भएको धनुषा-१ मा मत परिणामसमेत सार्वजनिक नगर्न भनेको छ । आदेशमा मतगणना सम्पन्न भए पनि मतपरिणाम घोषणा नगर्न भनेको छ । आधार कारणसहित आदेश प्राप्त भएको मितिले सात दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्न भनिएको छ ।

# दाउन्नेमा सडक चिप्लो हुँदा बुटवल-नारायणगढ सडक अवरुद्ध

मध्यविन्दु (नवलपरासी), २५ फागुन । बुटवल-नारायणगढ सडक खण्ड अवरुद्ध भएको छ । वर्षाका कारण दाउन्ने क्षेत्रमा सडक भासिएको स्थान चिप्लो हुँदा बुटवल-नारायणगढ सडक खण्ड अवरुद्ध भएको हो ।

विनयी त्रिवेणी गाउँपालिका-२ दाउन्नेस्थित सडक भासिएको स्थानमा वर्षाका कारण सडक सतह चिप्लो भएपछि सोमबार बिहानदेखि सवारी आवतजावतमा समस्या भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रहरी उपरीक्षक युवराज खड्काले बताउनुभयो ।

*राजधानी...*

निर्वाचन क्षेत्र नं ३ मा ९४० मत बदर भएको छ । ६४ हजार ४७९ कूल मतदाता रहेको यस क्षेत्रमा ४४ हजार १९० मत खसेको थियो । खसेकोमध्ये ४३ हजार २५० मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं २ मा एक हजार ०९५ मत बदर भएको छ । कूल ८८ हजार ७०८ मतदाता रहेको यस क्षेत्रमा ५९ हजार ४४१ मत खसेको थियो । खसेकोमध्ये ५८ हजार ३४६ मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं १ मा ४३४ मत बदर भएको छ । कूल मतदाता ५५ हजार २९२ रहेको यस क्षेत्रमा ३२ हजार ३१४ मत खसेको थियो । जसमध्ये ३१ हजार ८८० मत सदर भएको थियो ।

देशभर कति मत बदर भयो भन्ने मङ्गलबार सबै मतगणना सकिएपछि भन्न सकिने आयोगले जनाएको छ । अहिलेसम्मको विवरणअनुसार तीनदेखि चार प्रतिशत मत बदर भएको अनुमान गरिएको आयोगको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो । सोमबार बेलुकीसम्म समानुपातिक प्रणालीतर्फको ९५ लाख २३ हजार मतगणना सकिएको उहाँले सुनाउनुभयो ।

*नेपाल...*

विश्वासका लागि सम्पूर्ण मतदाताहरूमा आभार व्यक्त गर्दछौं ।

पार्टीले यो निर्वाचनको नतिजाबारे समीक्षा गर्ने विश्वास सम्पूर्ण मतदाता र शुभचिन्तकहरूलाई दिलाउँदछौं ।

देशको स्वाधीनता र जनताको हितका लागि कार्य गर्न निर्वाचनमा विजयी सम्पूर्ण उम्मेदवारहरूलाई नेमकिपा बधाई तथा शुभकामना व्यक्त गर्दछ । नेमकिपा देशको सार्वभौमिकता र जनताको सर्वोपरि हितका लागि सरकारलाई सडकबाट निरन्तर खबरदारी गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । आगामी दिनमा पनि नेपाल मजदुर किसान पार्टी देश र जनताको निःस्वार्थ सेवामा सदैव लागिरहने छ ।"

## सङ्क्षिप्त समाचार

### महोत्तरीमा २० हजार मत बदर

जलेश्वर (महोत्तरी), २५ फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ को मतगणना परिणामअनुसार प्रत्यक्षतर्फ महोत्तरीमा २० हजार मत बदर भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जारी गरेको अन्तिम प्रतिवेदनमा जिल्लाको चारवटै निर्वाचन क्षेत्रमा गरी १९ हजार ९३५ मत बदर भएको हो ।

क्षेत्रगत रूपमा महोत्तरीको निर्वाचन क्षेत्र नम्बर १ मा तीन हजार ९५४, निर्वाचन क्षेत्र नम्बर २ मा पाँच हजार ४४९, निर्वाचन क्षेत्र नम्बर ३ मा पाँच हजार १० र निर्वाचन क्षेत्र नम्बर ४ मा पाँच हजार ५२२ मत बदर भएको मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले बताउनुभयो ।

चार वटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा जम्मा चार लाख ३१ हजार २८२ मतदाता कायम गरिएकोमा प्रतिनिधिसभा सदस्य २०८२ मा जम्मा दुई लाख ६१ हजार ३४६ जनाले मतदान गरेका थिए । अर्थात ६०.५९ प्रतिशत मतदान भएको थियो । जसमध्ये दुई लाख ४१ हजार ४११ मत (९२.३७ प्रतिशत) सदर भएको थियो । १९ हजार ९३५ मत (७.६२ प्रतिशत) बदर भएको हो । ***(रासस)***

### कञ्चनपुरमा ६ प्रतिशत मत बदर

दोधारा चाँदनी (कञ्चनपुर), २५ फागुन । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कञ्चनपुरमा ६.८५ प्रतिशत मत बदर भएको जिल्ला निर्वाचन कार्यालय कञ्चनपुरले जनाएको छ ।

क्षेत्र नम्बर १ मा ६० हजार ७८५ मत खसेकोमा तीन हजार ७३४ मत बदर भएको छ । यो क्षेत्रमा कूल एक लाख एक हजार ७२४ मतदाता रहेका थिए । निर्वाचन क्षेत्र नम्बर २ मा ६५ हजार ३४७ मत खसेकोमा चार हजार २३० मत बदर भएका छन् । यहाँ एक लाख नौ हजार ५७४ मतदाता रहेका थिए ।त्यसैगरी क्षेत्र नम्बर ३ मा ५८ हजार २०९ मत खसेकोमा चार हजार ६६३ मत बदर भएका छन् । निर्वाचन कार्यालयका प्रमुख हरिशचन्द्र जोशीले अधिकांश मतमा दोहोरो छाप लागेको र कतिपय मतपत्रमा एउटा औँठा छापसमेत पाइएको बताउनुभयो ।

गत निर्वाचनमा छ प्रतिशत मत भएको निर्वाचन आयोगले जनाएको छ । कञ्चनपुरमा तीन लाख १७ हजार ६२३ मतदाता रहेको कञ्चनपुरमा तीनवटै निर्वाचन क्षेत्रमा ५८.६७ प्रतिशत मतदान भएको थियो । ***(रासस)***

### बूढानीलकण्ठमा एक जना मृतावस्थामा फेला

काठमाडौँ, २५ फागुन: काठमाडौँको बूढानीलकण्ठ नगरपालिका-१० कपन बालुवाखानी नगर अस्पताल नजिक झ्याङमा एक जना पुरुष मृतावस्थामा फेला परेका छन् । हाल नाम, थर र वतन नखुलेका अन्दाजी ४० वर्षीय पुरुष मृतावस्थामा फेला परेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “बूढानीलकण्ठ-१० कपन बालुवाखानी नगर अस्पताल नजिक झ्याङमा आइतबार उनी मृतावस्थामा फेला परेका हुन् । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।” ***(रासस)***

### भोजपुरमा बदर मत न्यून

भोजपुर, २५ फागुन । यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा साढे तीन हजारभन्दा बढी मत बदर भएका छन् । प्रत्यक्षतर्फ खसेको कूल ५७ हजार ५९९ मतमध्ये तीन हजार ८७१ मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । यो सङ्ख्या कूल मतको ६ दशमलव ७२ प्रतिशत हो ।

बदर भएका मतमध्ये एकभन्दा बढी चुनाव चिन्हमा मत सङ्केत गरिएको सङ्ख्या बढी रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख डिकेन्द्र सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार कतिपय मतदाता मतदान प्रक्रिया राम्रोसँग नबुझेर नभइ जानाजान पनि मत बदर गरिएकोजस्तो देखिएको छ । एक भन्दा बढी चिन्हमा सङ्केत गरेको मत कोटाभित्र स्पष्ट रूपमा लगाइएको पाइएको उहाँको भनाइ छ । निर्वाचन प्रक्रियाबारे जानकारी नभएर ल्याप्चे लगाउने जस्ता मत भने तुलनात्मक रूपमा न्यून रहेको उहाँले बताउनुभयो । जिल्लामा कूल एक लाख २५ हजार ७६६ मतदाता रहेका थिए । समानुपातिकतर्फको मतगणना अझै जारी रहेकाले त्यसतर्फ बदर भएको मतको विवरण आउन बाँकी रहेको निर्वाचन कार्यालयले जनाएको छ ।

उक्त निर्वाचनमा ध्रुवराज राई (श्रम संस्कृति पार्टी) १६ हजार ६६३ मत प्राप्त गर्दै विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी शेरधन राई ( नेकपा एमाले) ले १४ हजार ७५० मत प्राप्त गर्नुभएको थियो । ***(रासस)***


### निर्वाचन प्रहरीको बिदाइ बिहीबार

काठमाडौँ, २५ फागुन । फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि काठमाडौँ उपत्यकामा परिचालन गरिएका निर्वाचन प्रहरीको बिहीबार बिदाइ गरिने भएको छ ।

निर्वाचनको सुरक्षाका लागि काठमाडौँमा तीन हजार ८५४, भक्तपुरमा एक हजार ९३ तथा ललितपुरमा एक हजार ५९६ निर्वाचन प्रहरी परिचालन गरिएको नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “निर्वाचन अवधिभर उपत्यकामा शान्तिपूर्ण वातावरण कायम राख्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा अन्य सुरक्षा निकायबीच समन्वय गरी सुरक्षा व्यवस्था मिलाइएको थियो ।”

मतदानका दिनदेखि मतगणनाको चरणसम्म सुरक्षा व्यवस्थाको राम्रो प्रबन्ध मिलाइएकाले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सहयोग पुगेको उहाँले बताउनुभयो । निर्वाचनमा खटिएका प्रहरीले जिम्मेवारीका साथ आफ्नो कार्यसम्पादन गरेका महानिरीक्षक कार्कीको भनाइ छ ।



**गजेन्द्रनारायण सिंह अस्पतालमा आगलागी**

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा सोमबार बिहान करिब ११:३० बजे विद्युत् सर्ट भई डेन्टल ओपीडी सेवाको भवनमा आगलागीका कारण पुगेको क्षति । सो आगलागीबाट डेन्टल विभागका तीन थान डेन्टल मेसिन, २ थान कम्प्रेसर मेसिन, २ थान डेक्स, ३ थान डेन्टल कुर्सी, एक थान फ्रीज र ७ वटा पङ्खा पूर्ण रूपमा जलेर नष्ट भएको छ । *तस्बिर: अरुणकुमार यादव/रासस*

## पर्यटकीय गन्तव्य बन्दै लमजुङको ‘घनपोखरा होमस्टे’

घनपोखरा (लमजुङ) २५ फागुन । लमजुङको मर्स्याङ्दी गाउँपालिका-१ स्थित नायुँ र घनपोखरा होमस्टे पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ ।

विसं २०७२ को भूकम्पबाट क्षति पुगेको घनपोखराको गुरूङबस्ती पुनर्निर्माण गरेर विसं २०७६ साल ( घरबास) होमस्टे सञ्चालन भएसँगै नायुँ र घनपोखरा घुम्न आउने पर्यटकको घुइँचो लाग्न थालेको हो ।

सार्क राष्ट्रकै नमुना गाउँका रूपमा परिचित घलेगाउँबाट जम्मा दुई किलोमिटर दूरीमा रहेको नायुँ र त्यसभन्दा केही माथि रहेको घनपोखरा पछिल्लो समय आन्तरिक र बाह्य पर्यटकको घुमघाम गर्ने रोजाइको गन्तव्य बनेको हो ।

यहाँबाट मनास्लु, ङादीचुली, अन्नपूर्ण, अन्नपूर्ण (चौथो) लगायतका एक दर्जन बढी हिमशृङ्खला अवलोकन गर्न सकिन्छ । लमजुङ मध्य नेपाल नगरपालिका-१ जिताबाट घनपोखरा घुम्न आएका सुमन घिमिरे घनपोखराको आतिथ्यता र त्यहाँबाट देखिने दृश्यावलोकनले आफूलाई ज्याँदै आनन्दित तुल्याएको बताउनुहुन्छ । यहाँको हावापानी र सुन्दर, मनोरम दृश्यले पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक बढ्न थालेका छन् ।



नायुँ र घनपोखरा घुम्न आउने पर्यटकलाई घरबास सञ्चालकले गाउँघरमै उब्जाइएका धान, मकै, कोदो, भटमास, साग, सिस्नो, कुरिलो, टुसा, स्थानीय कुखुरा, खसीबोका, भेडाको मासुबाट तयार हुने स्वादिष्ट परिकार पस्कने गरेका छन् ।

आफ्ना कला संस्कृति जोगाइराख्न रोधीसमेत बस्ने गरेका छन् । गाउँमा आएका पर्यटकलाई स्वागत, सम्मान र बिदाइमा सेतो टीका, फूलको माला, गुच्छा र खादाबाट सम्मान गरिँदै आएको छ ।

यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्यसँगै देखिने हिमाल, मर्स्याङ्दी नदी किनाराका फाँट, मिदिम नदीका किनाराले पर्यटकलाई थप आनन्दित बनाउँदै आएको छ ।

समुद्री सतहदेखि दुई हजार १५० उचाइमा रहेको रमणीय घनपोखरामा गुरूङ समुदायको ६५ घर रहेका छन् । जसमध्ये ११ घरमा होमस्टे सञ्चालन गरिएको छ । यो गाउँमा प्राचीन मौलिकता जोगाउने गरी परम्परागत घुमाउने घरसँगै स्थानीयको कला, संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यका साथ गुरूङ सङ्ग्रहालयसमेत स्थापना गरिएको छ ।

नायुँ र घनपोखरामा मात्र एक रातमा १०० जना पाहुना सजिलै बस्न सक्छन् । नायुँ घनपोखरा होमस्टेका सञ्चालक कालीमाया गुरूङ शुक्रबार र शनिबार आफ्नो होमस्टे आउने पर्यटकको सङ्ख्या बढी हुने बताउनुहुन्छ ।

होमस्टेमा आएका पाहुनालाई जानेबित्तिकै ‘वेलकम ड्रिङ्कस’, चिया, कफीले स्वागत गर्ने चलन रहेको छ । राति स्थानीयस्तरमा उत्पादित अर्ग्यानिक खाना र बिहानको खाजा उपलब्ध गराउँदै आएको सञ्चालक गुरूङ बताउनुहुन्छ । यहाँ जानेबित्तिकैको खाजा, रातिको खाना, बिहानको खाजा र सुतेको प्रतिव्यक्ति जम्मा रू. एक हजार २५० शुल्क लाग्ने गरेको छ ।

मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरूङ नायुँ र घनपोखराको पर्यटनलाई थप विकास गर्नका लागि गाउँपालिकाले योजना बनाएर काम गरिरहेको बताउनुहुन्छ ।

घनपोखरा र नायुँमा चैत-वैशाखमा फुल्ने विभिन्न थरीका लालीगुराँस, फुल्ने काफल र ऐँसेलुले पर्यटकलाई थप लोभ्याउने गरेको छ । ग्रामीण जीवनशैलीलाई घनपोखराले जीवन्त राखेको छ । घनपोखरा लमजुङको सदरमुकाम बेँसीसहरबाट २७ किलोमिटर पार गरेपछि पुगिन्छ । यहाँ जानका लागि ठुलो बसमा रु. ३५० र जिपमा रु. ४५० भाडा लाग्ने गरेको छ । पछिल्लो समय लमजुङ सदरमुकाम बेँसीसहर, काठमाडौँ र पोखराबाट घनपोखरा र नायुँ जाने पाहुनाहरू बढेका छन् ।

## गुराँस हेर्न रायराँयकोट

गलकोट (बागलुङ) २५ फागुन । बागलुङको रायराँयकोट यतिबेला चर्चामा छ । गुराँसको जङ्गलबीच रहेको धार्मिक तथा पर्यटकीयस्थल रायराँयकोटमा पूर्वाधार थपिएसँगै त्यहाँ पुग्ने पर्यटक बढेका हुन् । रायराँयकोटमा सडक, विद्युत्लगायतका पूर्वाधारको विकास भएको छ भने सत्तल पनि निर्माण भएको हो ।

रायराँयकोट पञ्चकोटसँग जोडिएकाले पनि पर्यटक आकर्षित गर्न सहज भएको हो । बागलुङ नगरपालिका-७ बौलुङमाथिको डाँडामा रहेको रायराँयकोट आसपासको क्षेत्र गुराँसले ढकमक्क भएको स्थानीय लालबहादुर गौतमले बताउनुभयो । यहाँ वैशाख र जेठमा स्थानीय समुदायले वषदिवका रूपमा समेत पूजाआजा गर्दै आएका छन् ।

बागलुङ नगरपालिका र गण्डकी प्रदेशको पर्यटन मन्त्रालयबाट यहाँको पूर्वाधार निर्माणमा सहयोग आएको छ । अहिले त्यहाँ सडक पुगेकाले सहज भएको छ । स्थानीय गौतमले भन्नुभयो, “पदमार्ग, खानेपानी, शौचालय र



सत्तलजस्ता धार्मिक पूर्वाधारहरू निर्माण भएका छन्, अहिले गुराँससँग फोटो खिच्ने, टिकटक बनाउने र हिमशृङ्खला हेर्न यहाँ आउने बढेका छन् ।”

गण्डकी प्रदेश सरकारको पर्यटन मन्त्रालयअन्तर्गत रायराँयकोटमा अहिलेसम्म रु. २० लाखको पूर्वाधार निर्माण भइसकेको छ । मन्दिरको छाना छाउने, पुरानो घण्टी संरक्षण, सत्तल निर्माण, पर्खाल निर्माण र मैदान बनाइएको छ । यस्तै पञ्चकोटदेखि संसारकोट पुग्ने पदमार्ग निर्माणका लागि रु. ५० लाख बजेट सङ्घीय सरकारबाट आएको छ । रासस

**। सम्पादकीय ।**

# पार्टीको प्रतिबद्धता काम गर्ने आधार

देश र जनताप्रति समर्पित नभएको शासक दल जतिसुकै ठूलो भए पनि समयको अन्तरालमा नमज्जासँग हार हुन्छ भन्ने कुरा फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचन नतिजाले देखाइसकेको छ। निर्वाचनको नतिजाले रास्वपा देशको ठूलो दल बनेको छ। बहुमत प्राप्त ठूलो दलले सरकारको नेतृत्व गर्नु अन्यथा होइन। नयाँ सरकारको नेतृत्व गर्ने दलका नेताहरूमा उमङ्ग, उत्साह, जोश र जाँगर हुनु पनि स्वाभाविक हो। सरकारको नेतृत्व हेरफेर हुनु या नयाँ दलको नेतृत्वमा सरकार गठन हुनु नै परिवर्तन होइन। सरकारको हेरफेर त पहिले पनि हुँदै आएको हो। तर, सरकारको नेतृत्व परिवर्तन भए पनि मौलिक परिवर्तन भएन। बहुमत जनताले कुनै राहतको अनुभूति गर्न पाएनन्। अब बन्ने नयाँ सरकारले जनतालाई के राहतको अनुभूति दिने हो ? राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ।

देश र जनताको हितमा कुनै मौलिक परिवर्तन भएन भने बहुमत प्राप्त नयाँ सरकार गठनको खास उपलब्धि हुँदैन। निर्वाचनताका रास्वपाले वाचापत्र सार्वजनिक गरेको थियो। चुनाव प्रचारको क्रममा रास्वपाका नेताहरूले जनतामाझ प्रतिबद्धता गरेका थिए। पार्टीको वाचापत्र र नेताहरूले गरेको प्रतिबद्धता पूरा होला कि नहोला भन्ने विश्लेषण पनि हुन थालेको छ - घर, आँगन, चोक र पसल-पसलमा। आम नागरिकको पसिनाको कमाइ सुरक्षित गर्न सरकार गठन भएको एक सय दिनभित्र साना बचतकर्ताहरूको बचत खातामा फिर्ता गर्ने रास्वपाको वाचा थियो। मिटरब्याज र अनुचित लेनदेन 'आर्थिक अपराध' को रूपमा परिभाषित गर्दै आगामी पाँच वर्षभित्र यसका सबै जालोलाई कानुनी र संरचनात्मक रूपमा ध्वस्त पार्ने वाचा गरिएको थियो। रास्वपाले गरेका यी वाचाहरू के सम्बोधन होला ?

पार्टीको वाचापत्र देखाउने दाँत होइन, काम गर्ने आधार हो; त्यो एक प्रकारको मार्गनिर्देश हो। यसैको आधारमा सरकारले काम गर्ने हो। सरकारको नेतृत्व गर्ने दलले त्यो वाचा पूरा गर्नुपर्छ। वाचा पूरा गरिएन भने त्यो हल्लाको राजनीतिमा परिणत हुन्छ। हिजो सदन र सडकमा काम गर्न र गराउन आवाज उठाउने रास्वपाका सांसदहरूले अब काम गर्ने बेला आएको छ। विगतमा सभामुख घेरेर नारा लगाउने रास्वपाले अब देश र जनताको पक्षमा ऐन कानुन बनाउने हो; विकासको उचाइ माथि पुऱ्याउने हो; काम-मामको सुनिश्चित गरेर जनताको जीवनस्तर उठाउने हो। देशमा सुशासन ल्याउने हो।

ठूलो दलको ठूलो जिम्मेवारी हुन्छ। सरकारको नेतृत्व गर्ने दलले त्यो जिम्मेवारी पूरा गर्नुपर्छ। अब बन्ने सरकारले नेपालमा हुने भारतीय र अमेरिकी हस्तक्षेप स्वीकार्नु हुँदैन। विदेशी शक्ति राष्ट्रको आक्रमण, हस्तक्षेप र दबाब नयाँ सरकारले आत्मसात गर्छ भने यो सरकार पनि विदेशी शक्ति राष्ट्रको उठबसमा चलेको मानिन्छ। कुन दलको सरकार कुन वर्गको पक्षमा छ भन्ने पर्गेल्ने काम सरकारको कार्यशैली, नीति तथा कार्यक्रम र आगामी बजेटले थाहा हुन्छ।

यसअघिको सरकारले देशका दर्जनौं सरकारी उद्योग तथा कारखानाहरू निजीकरण गरेको थियो। कति उद्योगहरू विदेशी कम्पनीका व्यवसायी र देशकै ठूला उद्योगपतिहरूलाई बेचेको थियो। विगतमा सरकारले निजीकरण गरेका उद्योगहरू फेरि सरकारीकरण गरेर सञ्चालन गर्नेतर्फ नयाँ सरकारले ध्यान दिनुपर्छ। खानेपानी व्यवस्थापनको पनि सरकारले नै जिम्मा लिनुपर्छ। काठमाडौं राजधानीलाई सांस्कृतिक नगरको रूपमा विकास गर्नुपर्छ। भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गरेर यहाँको सम्पदा संरक्षणमा थप टेवा पुऱ्याउनुपर्छ। टोल-टोलमा शिशु स्याहार केन्द्र खोल्ने, नगर र जिल्ला-जिल्लामा आदर निकेतन खोल्नेतर्फ नयाँ सरकारको ध्यान पुग्नुपर्छ।

संविधान निर्माणको बेला नेमकिपाले देश र जनताको हितमा प्रस्तावसहित ७१ बुँदामा संशोधन राखेको थियो। देश र जनताको हितमा संविधानमा हेरफेर हुनु स्वाभाविक हो। तीन प्रतिशतको प्रावधान खारेजी, अनिवार्य सैनिक तालिमको बन्दोबस्त, देशद्रोही एवम् जघन्य अपराधी तथा ठूल्ठूला भ्रष्टाचारी, बलात्कारी र चेलीबेटी बेचबिखन गर्नेहरूलाई मृत्युदण्डको सजाय दिने बन्दोबस्त, हिमाल-पहाड-तराई भूभाग समावेश प्रदेश संरचना, खुला सीमा नियमनको लागि संविधान संशोधन जरुरी छ। नेपालीको सम्पत्तिको सीमाङ्कन, विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्था पनि हुनु आवश्यक छ।

# हावर्ड जिन र ट्रम्प युगमा शक्ति राजनीतिको पुनरागमन

✍ आशिष सिंह

हावर्ड जिनले सन् १९८० मा पहिलो पटक 'अ पिपुल्स हिस्ट्री अफ द युनाइटेड स्टेट्स' (A People's History of the United States) प्रकाशित गरे। उनले अमेरिकी ऐतिहासिक लेखनको विशाल पुस्तकालयमा अर्को एउटा ठेली मात्र थपिरहेका थिएनन् बरु, उनले एउटा चुनौती पेस गरिरहेका थिए। त्यो चुनौती अमेरिकी इतिहासलाई लामो समयदेखि वर्णन गर्दै आएको प्रधान शैलीप्रति लक्षित थियो, एउटा यस्तो परम्परा जसले राष्ट्रपति, जनरल र राजनीतिज्ञहरूलाई उच्च स्थानमा राख्यो, जबकि सर्वसाधारणका अनुभवहरूलाई भने किनारामा छरपस्ट पारिथ्यो। जिनको पुस्तकले त्यही पदानुक्रमलाई उल्ट्याउने प्रयास गऱ्यो। राष्ट्रिय नेतृत्वको विजयगाथा सुनाउनुको साटो, यसले शक्तिको अभ्यास गर्नेहरूको भन्दा पनि शक्तिविरुद्ध सङ्घर्ष गर्नेहरूको आवाजमार्फत संयुक्त राज्य अमेरिकाको कथा भन्यो।

यसको परिणाम यो आधुनिक अमेरिकी विद्वतामा उत्पादित सबैभन्दा उत्तेजक र विवादास्पद ऐतिहासिक कृतिहरूमध्ये एक बन्न पुग्यो। जिनको मूल तर्क सीधा तर विचलित बनाउने खालको छ। उनको तर्क छ कि संयुक्त राज्य अमेरिका मुख्य रूपमा राष्ट्रलाई स्वतन्त्रतातर्फ डोऱ्याउने प्रबुद्ध राजनीतिज्ञहरूद्वारा निर्माण भएको होइन। बरु, यो शक्ति हातमा लिनेहरू र त्यसको प्रतिरोध गर्नेहरूबिचको निरन्तर सङ्घर्षले बनेको हो। प्रगतिको चिरपरिचित भाष्यभित्र विस्थापन, शोषण र सङ्घर्षको इतिहास लुकेको छ।

पुस्तकको सुरुआत क्रिस्टोफर कोलम्बसको आगमनबाट हुन्छ तर यसले खोजको उत्सव मनाउँदैन। बरु, यसले आदिवासी समुदायहरूमाथि युरोपेली विस्तारका कारण परेका क्रूर परिणामहरूको सामना गर्दछ। जिनले विजयलाई 'खोज' का रूपमा होइन, 'आक्रमण' का रूपमा चित्रण गर्छन् र उत्तर अमेरिकाको औपनिवेशिकीकरणलाई आर्थिक महत्त्वाकाङ्क्षाद्वारा सञ्चालित र हिंसाद्वारा टिकाइएको प्रक्रियाको रूपमा व्याख्या गर्छन्। यो सुरुआतले नै सम्पूर्ण कृतिको बौद्धिक दृष्टिकोणलाई सङ्केत गर्छ। राष्ट्रिय निर्दोषताका मिथकहरूलाई एकातिर पन्छाइन्छ। त्यसको सट्टा, साम्राज्यको मूल्य चुकाउनेहरूको अनुभवले महत्त्व पाउँछ।

त्यस बिन्दुबाट अगाडि बढ्दै, पुस्तकले मजदुर, दास बनाइएका मानिस, महिला, आप्रवासी र राजनीतिक असन्तुष्टहरूको सङ्घर्षलाई पछ्याउँदै अमेरिकी इतिहासको यात्रा गर्छ। अमेरिकी क्रान्ति बेलायती सत्ता विरुद्धको विद्रोहको रूपमा मात्र नभई, औपनिवेशिक सम्भ्रान्त वर्गले आफ्नो शक्ति सुदृढ गरेको क्षणको रूपमा पनि देखिन्छ। संविधान पूर्ण रूपमा लोकतान्त्रिक विजयको रूपमा नभई सम्पत्तिसम्बन्धी स्वार्थहरूद्वारा आकार दिइएको एक राजनीतिक सम्झौताको रूपमा उदय हुन्छ। औद्योगिकीकरणलाई श्रम र पुँजी बिचको निरन्तर द्वन्द्वको युगको रूपमा चित्रण गरिएको छ, जहाँ आर्थिक विकास शोषणबाट अलग हुन सक्दैनथ्यो।

जिनको भाष्यमा, प्रगति उदारवादी नेताहरूबाट उपहारस्वरूप प्राप्त हुँदैन। यसलाई त प्रतिरोधमार्फत अस्तित्वमा आउन बाध्य पारिन्छ। हडताल, विद्रोह, नागरिक अधिकार आन्दोलन र तल्लो तहका सङ्गठित प्रयासहरू नै लोकतान्त्रिक परिवर्तनका वास्तविक इन्जिन हुन्। परम्परागत पाठ्यपुस्तकहरूमा प्रायः किनारामा पारिएका पात्रहरू यहाँ केन्द्रीय भूमिकामा देखिन्छन्। औद्योगिक एकाधिकारको सामना गर्ने मजदुरहरू, दासत्वको विरोध गर्ने दासहरू र रङ्गभेदलाई चुनौती दिने नागरिक अधिकारकर्मीहरू यस कथाको अग्रभागमा रहन्छन्।

जिनले एक पटक लेखेका थिए, "सरकारहरू तटस्थ हुँदैनन्," यो छोटो तर मार्मिक टिप्पणीले सम्पूर्ण पुस्तकको दार्शनिक मेरुदण्डलाई समेट्छ। उनको विवरणमा, राज्यले प्रायः सम्पत्ति र संस्थागत अधिकारमा पकड जमाउनेहरूको प्राथमिकतालाई प्रतिबिम्बित गर्दछ। त्यसैले, लोकतान्त्रिक अधिकारहरू नेताहरूको सद्भावबाट होइन, बरु तलबाट सिर्जना गरिएको निरन्तर दबाबबाट उत्पन्न हुन्छन्। यस दृष्टिकोणको नैतिक बल अकाट्य छ। परम्परागत इतिहासले प्रायः उपेक्षा गरेका आवाजहरूलाई प्राथमिकता दिएर जिनले ऐतिहासिक ध्यानको सीमालाई फराकिलो बनाएका छन्। उनको कृतिले पाठकहरूलाई ती सहज लाग्ने भाष्यहरूमाथि प्रश्न उठाउन प्रोत्साहित गऱ्यो, जसले राष्ट्रिय विकासलाई स्वतन्त्रतातर्फको एउटा सहज यात्राको रूपमा चित्रण गर्छन्।



जुन गुणहरूले यस पुस्तकलाई प्रभावशाली बनाउँछन्, तिनै गुणहरूले यसका गम्भीर आलोचनाहरू पनि जन्माउँछन्। जिनले एक तटस्थ इतिहासकारको संयमभन्दा पनि एक राजनीतिक कार्यकर्ताको तीव्रताका साथ लेख्छन्। उनको भाष्य तटस्थ छैन र उनले त्यस्तो ढोङ पनि गर्दैनन्। उनले परम्परागत इतिहासको वैचारिक पूर्वाग्रहलाई चुनौती दिने आफ्नो मनसाय खुला रूपमा घोषणा गर्छन्। यसो गर्दा, उनले एउटा व्याख्यात्मक ढाँचालाई अर्को ढाँचाले प्रतिस्थापन गर्छन्।

आलोचकहरूका लागि, यो प्रतिस्थापनले कठिन प्रश्नहरू खडा गर्छ। यदि परम्परागत इतिहासले कहिलेकाहीं राष्ट्रिय नेताहरूलाई आदर्श बनाउँछ भने, जिनले कहिलेकाहीं उनीहरूलाई संभ्रान्तवर्गको भद्दा नक्कल (Caricatures) मात्र बनाएर सङ्कुचित गरिदिन्छन्। जटिल राजनीतिक पात्रहरू मुख्यतया शक्तिका साधनका रूपमा मात्र देखा पर्छन्। राष्ट्रिय उपलब्धिका क्षणहरू ती उपलब्धिसँगै भएका अन्यायका छायामा पर्ने जोखिम रहन्छ। यसको परिणाम विगतको सन्तुलित पुनर्निर्माणभन्दा पनि अमेरिकी विकासको अँध्यारो संरचनालाई उजागर गर्न डिजाइन गरिएको एक जानाजानी "काउन्टर-न्यारेटिभ" (प्रति-भाष्य) जस्तो महसुस हुन सक्छ।

यो तनावले इतिहासको उद्देश्यका बारेमा एउटा गहिरो बौद्धिक बहसलाई प्रतिबिम्बित गर्दछ। के इतिहासले निष्पक्षताको आकाङ्क्षा राख्नुपर्छ, जहाँ विरोधाभासपूर्ण भए तापनि बहुपक्षीय दृष्टिकोणहरूलाई सावधानीपूर्वक तौलिइन्छ ? वा, ऐतिहासिक स्मृतिबाट शताब्दीऔंदेखि गरिएको बहिष्करणलाई सच्याउनका लागि यसले सचेत रूपमा सीमान्तकृतहरूको पक्ष लिनुपर्छ ? जिनको जवाफ स्पष्ट छ। उनका लागि, गहिरो असमानता भएको समाजमा तटस्थता आफैँमा एक प्रकारको मतियार हुनु हो।

एक्काइसौँ शताब्दीको सुरुआती बिन्दुबाट हेर्दा, 'अ पिपुल्स हिस्ट्री' का तर्कहरूले डोनाल्ड ट्रम्पद्वारा निर्मित राजनीतिक युगमा नयाँ र जटिल प्रतिध्वनि प्राप्त गर्छन्। ट्रम्पका आन्तरिक र परराष्ट्र नीतिगत छनोटहरूले जिनले निर्माण गरेको व्याख्यात्मक ढाँचाको शक्ति र सीमा दुवैलाई स्पष्ट पार्छन्।

आन्तरिक पक्षमा हेर्दा, ट्रम्पको राजनीतिक शैलीले पहिलो नजरमै जिनको त्यो शङ्कालाई पुष्टि गरेझैं देखिन्छ– जसमा अमेरिकी राजनीतिले प्रायः शक्तिको आधारभूत संरचनालाई परिवर्तन नगरीकन जनताको आक्रोशलाई मात्र परिचालन गर्छ। ट्रम्पको वाक्पटुताले उनलाई वासिङटनका भ्रष्ट सम्भ्रान्त वर्गको सामना गर्ने एक विद्रोहीका रूपमा प्रस्तुत गऱ्यो। तर, उनको प्रशासनका विधायकी उपलब्धिहरूले प्रायः विद्यमान आर्थिक संरचनालाई नै मजबुत बनाए। सन् २०१७ को 'ट्याक्स कट एन्ड जब्स एक्ट' (Tax Cuts and Jobs Act) ले मजदुरवर्गको समृद्धिको पुनरुत्थानको रूपमा प्रचार गरिए तापनि वास्तवमा कर्पोरेट र उच्च आय भएका परिवारहरूलाई ठूलो लाभ पुऱ्यायो। जिनको दृष्टिकोणबाट हेर्दा, यस्ता नीतिहरूले त्यही ऐतिहासिक ढाँचालाई पछ्याउँछन् जसमा राजनीतिक नेताहरूले राष्ट्रिय पुनर्जागरणको भाषा प्रयोग गर्छन् तर पर्दा पछाडि भने स्थापित आर्थिक शक्तिलाई नै थप बलियो बनाउँछन्।

अध्यागमन नीतिले अर्को एउटा छर्लङ्ग पार्ने उदाहरण प्रस्तुत गऱ्यो। धेरै मुस्लिम बाहुल्य देशहरूबाट प्रवेशमा रोक लगाउने ट्रम्पको कार्यकारी आदेश (जसलाई 'ट्राभल ब्यान' का रूपमा चिनिन्छ) ले राष्ट्रिय सुरक्षाको नाममा राज्यको संयन्त्रलाई कति चाँडो असुरक्षित जनसङ्ख्याविरुद्ध परिचालन गर्न सकिन्छ भन्ने देखायो। ट्रम्पले आफ्नो सार्वजनिक भाषणहरूमार्फत यस तर्कलाई अझ बलियो बनाए र एक व्यापक रूपमा प्रसारित सन्देशमा जोड दिए कि संयुक्त राज्य अमेरिकालाई बाह्य खतराहरूबाट रक्षा गर्न 'अत्यधिक जाँच' (EXTREME VETTING) को आवश्यकता छ। जिनका पाठकहरूका लागि, यस्तो भाषाले अमेरिकी इतिहासका ती पुराना घटनाहरूको सम्झना गराउँछ जहाँ सरकारहरूले नागरिक स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउन सुरक्षा र देशभक्तिको सहारा लिन्थे।

सबैभन्दा गहिरो विश्लेषणात्मक चुनौती ट्रम्पको परराष्ट्र नीतिमा स्पष्ट रूपमा देखिन्छ। जहाँ अमेरिकी शक्तिको तर्क असामान्य स्खोपनका साथ बाहिर आयो। भेनेजुयला र इरान जस्ता देशहरूसँगको टकरावले भू-राजनीतिक प्रभावका संयन्त्रहरू कसरी काम गर्छन् भन्ने कुरा उजागर गर्दछ, जब तिनलाई परम्परागत नैतिक आवरणबाट मुक्त गरिन्छ।

सन् २०२६ को सुरुतिर, संयुक्त राज्य अमेरिकाले काराकासमा एउटा नाटकीय सैन्य अपरेसन गऱ्यो, जसको परिणामस्वरूप भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो पक्राउ परे। अमेरिकी विशेष बलले भेनेजुयलाको सैन्य प्रतिष्ठानहरूमा आक्रमण गरी मादुरोलाई सत्ताबाट हटायो र उनलाई फौजदारी अभियोगको सामना गर्न संयुक्त राज्य अमेरिका पुऱ्यायो। वासिङटनले मादुरोमाथि लागूऔषध तस्करी र अन्तरदेशीय आपराधिक गतिविधिमा संलग्न भएको आरोप लगाउँदै उक्त अपरेसनको औचित्य पुष्टि गऱ्यो।

जिनको दृष्टिकोणबाट, यो घटना ल्याटिन अमेरिकामा अमेरिकी हस्तक्षेपको लामो इतिहासभित्र ठ्याक्कै मेल खान्छ। बीसौँ शताब्दीभरि, संयुक्त राज्य अमेरिकाले बारम्बार गोप्य अपरेसन, आर्थिक प्रतिबन्ध र सत्ता परिवर्तनको समर्थनमार्फत यस क्षेत्रको राजनीतिक नतिजाहरूलाई आकार दियो। विदेशी सेनाद्वारा बहालवाला राष्ट्रपतिको गिरफ्तारी त्यसै परम्पराको एउटा कठोर निरन्तरता हो।

भेनेजुयलाको यो सैन्य अभियान इरानसँगको बढ्दो तनावकै बिचमा अगाडि बढेको थियो। वासिङटनले मिसाइल र ड्रोन विकाससँग जोडिएका इरानी व्यक्ति र फर्महरूमाथि प्रतिबन्धहरू तीव्र बनायो। इरान र भेनेजुयलाको रक्षा क्षेत्रबिचको सहकार्यमा सहयोग पुऱ्याएको आरोप लागेका कम्पनीहरूलाई पनि निसानामा राख्यो। त्यसै समयमा, संयुक्त राज्य अमेरिकाले चेतावनी दियो कि तेहरानले रणनीतिक हतियार क्षमता पुनः निर्माण गर्ने कुनै पनि प्रयास गरेमा त्यसको सैन्य जवाफ दिइनेछ।

यी दबाबहरूको पराकाष्ठा तब देखियो जब संयुक्त राज्य अमेरिका र इजरायलद्वारा गरिएको एउटा समन्वयात्मक आक्रमणको लहरले तेहरानमा इरानको उच्च नेतृत्वलाई लक्षित गऱ्यो। ती आक्रमणहरूमा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीका साथै इरानी सशस्त्र बल र रिभोलुसनरी गार्डका वरिष्ठ कमान्डरहरू लगायत धेरै उच्चपदस्थ सैन्य र सुरक्षा अधिकारीहरू मारिए। यस अपरेसनका सैन्य रणनीतिकारहरूले 'डेकापिटेसन

बाँकी पृष्ठ ८ मा

# स्वर्गको निर्माण

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

'विश्वको शिखरमा स्वर्गको निर्माण' (Build paradise on the roof of the world) नारा घन्क्यो । पञ्चेन एर्डेनी, स्वतन्त्र भएका भूदासहरू, कृषि विशेषज्ञहरू, अर्थशास्त्री तथा गणितज्ञहरू सबैजनाले यसलाई भिन्न अर्थमा बुझेका थिए ।

२२ वर्षमा पाइला टेकेका पञ्चेनले युवाहरूको भविष्यका बारेमा बोले । तिनले भने - "युवाहरूको भविष्य चम्किलो र फराकिलो छ ।" चिङ्घाइका एकजना किसानी केटालाई पञ्चेन बनाइएबाट तिनी स्वयम्को भविष्य उज्यालो र फराकिलो भएको थियो । तिनकै अध्यक्षतामा तिब्बतको नयाँ सरकारले १७ जुलाईको दिन 'प्रजातान्त्रिक सुधार' पारित गरेपछि दसौँ पञ्चेन एर्डेनीले सरकार प्रमुखका रूपमा तिब्बतमा दासप्रथा उन्मूलन गर्ने इतिहास बनाउने आशा राखिएको थियो ।

औपचारिकतास्वरूप पञ्चेनले विदेशी संवाददाताहरूबाट चुनेका दुई नेतासित दोसल्ला आदानप्रदान गरे । घ्यू चियाको घुट्की लिँदै तिनले तीन घण्टा अनौपचारिक कुराकानी गरे । तिनले बुद्ध धर्म, विद्रोह, तिब्बतको विगत र भविष्यका बारेमा कुरा गरे । केही समयपछि तिनले अतिथिहरूलाई घोडा दौड देखाउन लगे । धार्मिक तथा क्षेत्रीय नाचहरू प्रदर्शनमा लगे । पञ्चेनका बाबु र आमाको स्वागतसँगै १० घण्टाको भ्रमण सिधियो । केही प्रतिनिधिहरूले पञ्चेन तिनको बाबु-आमासँगै बसेका फोटोहरू खिचे । पञ्चेन एर्डेनी पोतला दरबारमा नजरबन्दमा राख्नुको कारण, तिनको बुबालाई 'सैनिक विद्रोहको नेतृत्व गरेकोमा राजद्रोहको आरोप' भनेर त्यसबेला पश्चिमी सञ्चारमाध्यममा मुख्य शीर्षकमा छापिएका गलत समाचारहरूको खण्डन गर्ने आशा उनीहरूले गरेका थिए ।

तिनले बुद्ध धर्मको भविष्यको आशा गरे, यसका धेरै हाँगाहरूको आदर गरे, 'हरेकले ईश्वरको भिन्न रूपमा मान्यता राख्छ । तिब्बतमा जम्मा ४ सम्प्रदाय छन् । "तर, शाक्यमुनिका सबै अन्यायीहरूको लक्ष्य शान्ति नै हो, युद्ध नभएको स्थिति हो तथा अनन्तकालसम्म हो । कुनै पनि जातिलाई दु:ख नहोस् भन्ने उनको शिक्षामा सुधारको आवश्यकता पर्दैन । तर, भक्तजनहरूको भ्रष्ट व्यवहारको कारण सुधारको आवश्यकता भयो । समय-समयमा भक्तहरू भ्रष्ट हुन्छन् । त्सोङ खापा (Tsong Khapa) त्यसबेलाका महान सुधारक थिए, अहिले नयाँ सुधारहरूको आवश्यकता छ ।"

"मानिसहरू सुधारको माग गर्छन् तर अहिले पनि तिनीहरू बुद्ध धर्ममा विश्वास गर्छन् । हामी धर्ममा यसका दुष्ट चलनहरूको शुद्धीकरणको आशा गर्छौं । केन्द्रीय सरकारले यसप्रकारको स्वरूपमा धर्मको रक्षा गर्ने कुरामा हामी विश्वस्त छौँ ।" तसर्थ, पञ्चेन एर्डेनी भविष्यमा तिब्बतका युवाहरूको उज्यालो भविष्य भएको शुद्धीकरण भएको बुद्ध धर्मको आशा गर्छन् । उनी धर्मको उद्देश्य तथा १९५९ को तिब्बतको राजनीतिक उद्देश्यको मेलमिलाप गर्नुपर्ने अनुभव गर्छन् ।

तीन घण्टाको छलफलमा तिब्बतको चीनसितको सम्बन्धको इतिहास, बुद्ध धर्मका सम्प्रदायहरू, १४ औँ शताब्दीमा त्सोङ खापा (Tsong khapa) का सुधारहरू तथा आजका सुधारहरू आदि विभिन्न विषयहरू उठे । पञ्चेनले बताएअनुसार ऐतिहासिक रूपमा सात सय वर्षअघिको मङ्गोल वंशदेखि नै तिब्बत चीनको अङ्ग रहँदै आएको छ ।

भूदासहरू पहिलेको शासनबाट वर्तमानको स्वतन्त्रता, सरकार प्रारम्भमा तिनीहरूको आफ्ना अभिव्यक्तिहरू, खाद्यान्नमा तीव्र वृद्धिको आशा तथा यीसँगै शिक्षामा, जीवनका हरेक राम्रा कुराहरूमा तिनीहरू 'स्वर्ग' देख्छन् । विश्वमै स्वर्गको निर्माणका सन्दर्भमा विस्तृत रूपमा जान्न मैले अर्थतन्त्र विशेषज्ञ तथा पहिलो ल्हासा परीक्षणात्मक कृषिबारेमा बुझ्नतिर लागेँ ।

ल्हासा परीक्षणात्मक कृषि (फार्म) ड्रिपुङ मठसँगै ल्हासाको केही माइल पश्चिममा छ । आधा भोकमरी भएको तिब्बत, विश्वको शिखरमा कसरी स्वर्गको निर्माण गर्न सकिन्छ ? स्वतन्त्रताको शक्तिले तिब्बतीहरूको राम्रो जीवनका लागि खाना उपलब्ध गराउन सकिन्छ त ? भन्ने मेरो प्रश्नको जवाफ दिँदै व्यवस्थापक चाङ चुङ-थिन (Chang Chun Tien) ले सकिने र छिट्टै नै यस फार्मबाट खाना उपलब्ध गराउने जानकारी दिए । व्यवस्थापक चाङले बताए, "हामीलाई स्थानीय सरकार कासागले राम्रो जग्गा राख्न दिएन । दलाइ लामाले व्यक्तिगत रूपमा १९५४ मा पेचिङसँग परीक्षणात्मक फार्मको माग गरेका थिए । हामीले पोतालाको पश्चिमको फराकिलो जग्गा यसको लागि राम्रो हुने देख्यौँ । त्यो भिरालो मलिलो, सिँचाइ गर्न सजिलो र राजमार्ग नजिकै पर्छ । त्यसमा अहिले पनि खेती गरिएको छैन । तर, हामीले खोला छेउको चरण पायौँ । आधामा बाढी जान्थ्यो र आधा ढुङ्गा र बालुवामात्र थियो । बालुवा हटाउनमात्रै ३०,००० मानव श्रम दिन लाग्यो । वर्षभरि नै हाम्रो धेरै समय बालुवा झिक्ने, बाढी रोक्न ढुङ्गाहरू राख्ने र राम्रो माटो ओसार्नमै बित्यो ।"

"हाम्रो मेहेनत खेर गएन । हामीले तिब्बतको आधारभूत खानामा विभिन्न अन्य बालीहरू उत्पादन गर्यौँ । ६ प्रकारका तरकारीमात्र फल्ने तिब्बतमा हामीले ४२ थरीको तरकारी उत्पादन गर्यौँ । बन्दा, गाजर र गोलभँडा ठुलठुलै उमार्यौँ । कपडा बनाउने आलसन र पात पनि तिब्बतमा राम्रो उम्रियो ।"

"ठूलो सामर्थ्य तथा विज्ञानको प्रयोग गर्दा पनि हामीले यस माटोबाट धेरैजसो किसानहरूले राम्रो खेती गर्दा पाउनेभन्दा बढी उमार्न सकेनौँ । तैपनि, बन्दा र गोलभँडा भने सार्है ठुलठुला उम्रे । उत्पादन पहिलेभन्दा झण्डै दोब्बर बढ्यो ।"

स्थानीय सरकार नभएपछि पोतालाले खेत दिएन भन्ने प्रश्नमा चाङले पछि त्यसको लागि नसोधेको बताए । "त्यस खेतमा यति धेरै श्रम लगानी भइसकेको थियो र पछि यसलाई छोड्न सकिएन । जनमुक्ति सेनाले यहाँ अन्न उमारेको थियो र हामीले त्यसलाई हेरेर सिक्यौँ । पछि हामीले अरु जिल्लाहरूमा पनि धेरै खेती गर्नेछौँ । पहिला किसानहरू हामीसित बोल्न डराउँथे तर अहिले तिनीहरूले बीउबिजन मागे । विद्रोह दबाएपछि किसानहरू हामीलाई परिवारजस्तै व्यवहार गर्न थाले तथा चाहिएको जे पनि माग्न थाले । सूचना, जानकारी, बीउ, सामग्रीहरू मागे तथा कुनै पनि समस्या परेमा हामीसित छलफल गर्न आए । हामीलाई धार्मिक प्रश्नसमेत सोध्थे तर हामीहरू त्यसको जवाफ दिन अस्वीकार गर्थ्यौँ ।"

तिब्बती किसानहरू असिना, बाली लाग्ने कीरा र मलका विषयबारे पनि चाङसँग सल्लाह गर्थे । असिनालाई लामा र मन्दिरबाट हटाउने अन्धविश्वास त्यहाँ थियो । तिनीहरू पाप लाग्ने अन्धविश्वासले बालीको कीरा मार्दैनथे । पछि किसानहरूले बिरुवा र बाली बचाउन कीरा मार्ने औषधि राख्न थाले । बाटाका ढुङ्गालाई देवता भनी घुमेर जान्थे, पछि किसानहरूले बाढी रोक्न प्रयोग गरे तथा दलाइ लामालाई सबभन्दा ठुलो दास मालिक भनी बुझे ।

व्यवस्थापक चाङसितको छलफलबाट तिब्बतको खेतीयोग्य जमिन ५००,००० एकड भएको, सालाखाला उत्पादन प्रतिएकड ११-१२ बुसेल (Bushels) भएको थाहा भयो । सबैखाले उत्पादनलाई पीठो बराबर भाग गर्दा जम्मा ५,८६६,७०० बुसेल्स हुन्थ्यो, जसमा एकतिहाइ बीउको लागि छुट्याउँदा खानाको लागि ४५,००,००० बुसेल्स तिब्बतका १२,००,००० मानिसलाई पर्न आउँछ । यसको अर्थ प्रतिव्यक्ति २२५ पाउन्ड अन्न पर्छ । यसबाट आधा भोकमरी हुन्छ ।

"अहिलेको उत्पादनलाई तेब्बर बनाउनु किसानहरूको लागि गाह्रो होइन, साधारण ठीकको माप, राम्रो सामग्री तथा बीउहरू, धेरैपटक खनजोत, मल, पानी हालेर उत्पादन बढाउन सकिन्छ । तुरुन्तै प्रतिएकड ३० बुसेल्स पाउन सकिन्छ । यो प्रतिव्यक्ति ६७० पाउन्ड अन्न हुन आउँछ । तिब्बतले तेब्बर राम्रो पर्याप्त खाना ख्वाउन सक्छ । पाँच वर्षभित्रमा प्रतिएकड ३० बसेल्स पाउन सकिनेछ ।"

तिब्बतमा कति जग्गा खेती नगरी खेर गएको र बाँझो छ भन्ने तथ्याङ्क उपलब्ध थिएन । तिब्बतसँग लाखौँ एकड घाँसे मैदान थिए । तिब्बतको भावी समृद्धिका लागि चरणहरूको व्यवस्थित विकास, कृषिमा सुधारभन्दा पनि राम्रो हुन्छ । रेल नभएसम्म तिब्बतमा ट्र्याक्टर ल्याउन ठुलो खर्च लाग्थ्यो । त्यसबेला तिब्बतीहरू फलामको हल प्रयोग गरेमा माटो विषालु हुन्छ भन्ने अन्धविश्वास राख्थे । तिब्बतमा गोबर बाल्ने काममा लगाउँथे, जलाउने काममा गोबरको विकल्प नभएसम्म गोबरलाई मलको प्रयोग गर्न गाह्रो थियो । त्यसबेला स्थानीय सरकार कासागसँग के कति खेतीयोग्य जमिन छ, के कति गौचरण छ आदिबारे कुनै ठीकठीक तथ्य तथ्याङ्क थिएन । ५५ लाखदेखि ७० लाख जति याक, घोडा, गाई-वस्तु, भैँडा, च्याङ्ग्रा आदि भएको अनुमान थियो । तिब्बतमा घ्यू उत्पादन हुन्छ तर बाल्ने काममा लगाइन्थ्यो, जोखाङ मठमा मात्रै वर्षमा ३ लाख पाउण्ड घ्यू बालिन्थ्यो । तिब्बतमा दस किसिमका हस्तकलाहरू थिए । चालू हस्तकलालाई बढावा दिएर ठुला उद्योगहरू सञ्चालन गर्न सकिन्थ्यो । त्यसको निम्ति पहिला यातायातको सुविधा हुनु आवश्यक थियो । भित्री मङ्गोलिया, चिङ्घाई र सिक्याङको भन्दा तिब्बतको घाँस कमसल थियो । काला नदी जिल्ला ( Nogchuka) मा १,७१,००० वर्ग किलोमिटर चरण इलाकामा ८०,००० वर्ग किलोमिटरमात्रै चरणमा लगाइन्थ्यो ।

त्यस्तै, तिब्बतमा खनिज पदार्थहरू पनि प्रशस्त छन् । कासागले त्यति धेरै भौगर्भिक उत्खनन गर्न नदिए पनि केही अन्वेषणहरू भएका थिए । गलैँचा, छाला, काठ, ऊनको कपडा भारत निर्यात हुन्थ्यो भने ढुङ्गा, चुन ढुङ्गा र इँटाको उत्पादन हुन्छ । माछा पनि प्रशस्त हुन्थ्यो तर धर्मले स्वीकार्नुपर्दथ्यो ।

तिब्बतमा पानी ऊर्जा प्रशस्त थियो । तर, यो हिउँको पग्लाइमा भर पर्छ । तथापि तिब्बतमा धेरै खोलाले ऊर्जा दिन सक्नेछन् ।

***स्रोत : तिब्बतका भू-दासहरू उठ्दा***



जलमुक्ति सेनाको उपचार टोलीलाई पशुहरू प्रदान गरेकोमा धन्यवाद दिँदै पशुपालकहरू



लेखिका अन्ना प्रयोगात्मक खेतीमा ठूला बन्दा बालीको अवलोकन गर्दै




**युद्धअभ्यासको विरोध**

संरा अमेरिकी र दक्षिण कोरियाली सेनाले प्रजग कोरियामाथि आक्रमणमा लक्षित फ्रिडम शिल्ड २०२६ नामको संयुक्त युद्ध अभ्यास गर्न लागेको विरुद्ध दक्षिण कोरियाको राजधानी सिउलस्थित अमेरिकी राजदूतावासअगाडि विरोध प्रदर्शन गर्दै शान्तिप्रेमी कोरियाली जनता मार्च ९, २०२६ का दिन । संरा अमेरिकाले दक्षिण कोरियाले वर्षको २-३ पटक युद्धकै झल्को दिने त्यस्ता युद्ध अभ्यासले जुनसुकैबेला विध्वंसक युद्ध निम्तिने खतरा छ । *तस्बिर : जुङ योनजे/एएफपी*

# मध्यपूर्व युद्धका कारण कच्चा तेलको मूल्यमा वृद्धि

शिकागो, ९ मार्च (एपी) । इरानसँगको युद्ध चर्किँदै गएपछि विश्व बजारमा कच्चा तेलको मूल्य तीव्र रूपमा बढेको छ । सोमबार अन्तर्राष्ट्रिय बजारमा ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल ११५ डलरभन्दा माथि पुगेको छ, जुन अघिल्लो हप्ताको अन्त्यतिरको मूल्यभन्दा करिब २४ प्रतिशत बढी हो । अमेरिकामा उत्पादन हुने वेस्ट टेक्सास इन्टरमिडियट (डब्लुटीआई) कच्चा तेलको मूल्य पनि प्रतिब्यारेल करिब ११६ डलर पुगेको छ, जुन अघिल्लो मूल्यभन्दा झन्डै २८ प्रतिशतले बढेको हो ।

मध्यपूर्व क्षेत्रमा जारी युद्धका कारण तेल उत्पादन र ढुवानीमा ठुलो जोखिम उत्पन्न भएपछि विश्व बजारमा तेलको मूल्य ह्वात्तै बढेको हो । विशेषगरी पर्सियन गल्फ क्षेत्रबाट विश्वभर तेल पठाउने प्रमुख समुद्री मार्ग स्ट्रेट अफ होर्मुज अहिले असुरक्षित बनेको छ । यो मार्गबाट दैनिक करिब १५ मिलियन ब्यारेल कच्चा तेल ढुवानी हुने गर्छ, जुन विश्वको कुल तेल आपूर्तिको करिब २० प्रतिशत हो । युद्धका कारण मिसाइल र ड्रोन आक्रमणको खतरा बढेपछि धेरै तेल ट्याङ्करहरू यो मार्ग प्रयोग गर्न डराउन थालेका छन् ।

युद्धका क्रममा तेल तथा ग्यासका संरचनाहरू पनि निशानामा परेका छन् । इजरायलले तेहरानमा रहेको तेल भण्डारण स्थलमा आक्रमण गर्दा चार जनाको मृत्यु भएको इरानी अधिकारीहरूले बताएका छन् । इजरायलले भने ती भण्डारण स्थलहरू इरानको सैन्य प्रयोजनका लागि प्रयोग भइरहेको दाबी गरेको छ । यसबिच इराक, कुवेत र संयुक्त अरब इमिरेट्सले तेल निर्यातमा समस्या देखिएपछि उत्पादन घटाएका छन्, जसले विश्व बजारमा आपूर्ति कम हुने चिन्ता बढाएको छ ।

इरानले दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने गर्छ, जसको ठुलो हिस्सा चीनले खरिद गर्छ । यदि युद्धका कारण इरानको निर्यात प्रभावित भयो भने चीनले अन्य देशबाट तेल खोज्नुपर्ने अवस्था आउन सक्छ, जसले विश्व बजारमा थप दबाब सिर्जना गर्न सक्छ । यसैबिच प्राकृतिक ग्यासको मूल्य पनि केही बढेको छ, यद्यपि तेलको जस्तो ठुलो वृद्धि भने देखिएको छैन ।

तेलको मूल्य तीव्र रूपमा बढेपछि विश्व अर्थतन्त्रमा असर पर्ने चिन्ता बढेको छ । ऊर्जा महँगो हुँदा महँगी बढ्ने र उपभोक्ताको खर्च घट्ने सम्भावना हुन्छ । यसले विश्वका प्रमुख शेयर बजारहरूमा पनि असर परेको छ । जापानको निक्केई २२५ सूचकाङ्क सोमबार ७ प्रतिशतभन्दा बढीले घटेको छ भने अन्य देशका बजारहरूमा पनि गिरावट देखिएको छ । विश्लेषकहरूले तेलको मूल्य लामो समयसम्म १०० डलरभन्दा माथि रहिरहेमा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्न सक्ने चेतावनी दिएका छन् ।

# जापानले लामो दूरीको मिसाइल तैनाथ गर्दै

टोकियो, ९ मार्च (एपी) । क्षेत्रीय सुरक्षा चुनौती तीव्र बन्दै गइरहेका बेला जापानले आफ्नो पहिलो स्वदेशी विकसित लामो दूरीको मिसाइल प्रणाली तैनाथ गर्ने तयारी अघि बढाएको छ । सेनाका लन्चरहरू सोमबार राति जापानको दक्षिणपश्चिमी प्रान्त कुमामोटोस्थित क्याम्प केङ्गुनमा ल्याइएपछि अपग्रेड गरिएको टाइप-१२ ल्यान्ड-टु-शिप मिसाइल तैनाथ गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको बताइएको छ । जापानले बढ्दो क्षेत्रीय तनाव र सुरक्षा जोखिमलाई ध्यानमा राख्दै आफ्नो प्रतिरक्षा क्षमता थप सुदृढ बनाउने रणनीतिअनुसार यो कदम चालेको हो ।

मुख्य क्याबिनेट सचिव मिनोरु किहाराले अपग्रेड गरिएको टाइप-१२ मिसाइलहरू मार्चको अन्त्यसम्म क्याम्प केङ्गुनमा तैनाथ गरिने जानकारी दिनुभयो । यद्यपि, तैनाथीसम्बन्धी विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन । मिसाइलका लन्चर तथा अन्य सैन्य उपकरण बोकेका गाडीहरू अत्यन्त गोप्य रूपमा मध्यरातमा शिविरमा पुगेका थिए । स्थानीय बासिन्दामध्ये केहीले यस कदमको विरोध जनाउँदै शिविर बाहिर भेला भई 'लामो दूरीका क्षेप्यास्त्र तैनाथी रोक्नुपर्छ' भन्ने नारासहित ब्यानर प्रदर्शन गरेका थिए ।

यस कदमप्रति विपक्षी दल तथा स्थानीय प्रशासनले पारदर्शिताको अभाव भएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरूले यस्तो तैनाथीले क्षेत्रीय तनाव थप बढाउन सक्ने र स्थानीय क्षेत्र सम्भावित सैन्य आक्रमणको लक्ष्य बन्न सक्ने चिन्ता व्यक्त गरेका छन् । कुमामोटोका गभर्नर ताकाशी किमुराले प्रान्तीय प्रशासनलाई औपचारिक रूपमा जानकारी नदिइएको गुनासो गर्दै पत्रकारहरूसँग भन्नुभयो, "प्रान्तलाई यसबारे कहिल्यै औपचारिक जानकारी दिइएको थिएन । मिडिया रिपोर्टबाट मात्र थाहा पाउनु अत्यन्त निराशाजनक हो ।"

जापानले दक्षिणपश्चिमी क्षेत्रमा सैन्य संरचना विस्तार गर्ने योजनाअन्तर्गत यो मिसाइल तैनाथीलाई तीव्रता दिएको हो । ताइवान वरपरको बदलिँदो क्षेत्रीय परिवेशलाई ध्यानमा राख्दै जापानले आफ्नो सुरक्षा तयारीलाई क्रमश: सुदृढ बनाउने पहल गरेको हो । सोही क्रममा रक्षा मन्त्रालयले गत वर्ष मिसाइल तैनाथीको समयतालिकालाई करिब एक वर्षअगाडि सार्ने व्यवस्था गरेको थियो ।

मित्सुबिशी हेभी इन्डस्ट्रिजले विकास तथा उत्पादन गरेको अपग्रेड गरिएको टाइप-१२ मिसाइलको मारक क्षमता करिब एक हजार किलोमिटर ( ६२० माइल) रहेको छ । यो दायरा पहिलेको करिब २०० किलोमिटर (१२५ माइल) क्षमताबाट निकै विस्तार गरिएको हो । यसले जापानको मुख्य भूमिबाट चीनको भूभागसम्म पुग्न सक्ने क्षमता राख्ने बताइएको छ । यही मिसाइल प्रणाली यस वर्षको अन्त्यतिर टोकियोको पश्चिममा रहेको सिजुओका प्रान्तस्थित क्याम्प फुजीमा पनि तैनाथ गरिने योजना रहेको छ ।

पछिल्ला वर्षहरूमा क्षेत्रीय सुरक्षा अवस्थालाई ध्यानमा राख्दै जापानले आफ्नो सुरक्षा तयारीलाई क्रमश: सुदृढ बनाउँदै आएको छ । सोही क्रममा पूर्वी चीन सागर नजिकका दक्षिणपश्चिमी टापुहरूमा सुरक्षा पूर्वाधार विस्तार गरिएको छ । ओकिनावा, इशिगाकी र मियाको लगायतका टापुहरूमा पीएसी-३ अवरोधक प्रणाली तथा मध्यम दूरीका सतह-देखि-हावा मिसाइल प्रणालीहरू पनि क्रमश: तैनाथ गरिएका छन् ।

गत महिना जापानका रक्षामन्त्री सिन्जिरो कोइजुमीले सन् २०३१ मार्चसम्म ताइवानको पूर्वतर्फ रहेको जापानको पश्चिमी टापु योनागुनीमा मध्यम दूरीको सतहदेखि-हावा मिसाइल प्रणाली तैनाथ गरिने योजना सार्वजनिक गर्नुभएको थियो ।

प्रधानमन्त्री ताकाइचीले यस वर्षको अन्त्यसम्म जापानको सुरक्षा तथा रक्षा नीति पुनरावलोकन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँको सरकारले जापानी सेनालाई मानव रहित लडाकू प्रणाली तथा लामो दूरीका मिसाइलमार्फत अझ सुदृढ बनाउने लक्ष्य लिएको छ ।

यसैबिच सरकार आगामी हप्ताहरूमा घातक हतियार निर्यातसम्बन्धी कडा प्रतिबन्धहरू खुकुलो बनाउने तयारीमा रहेको बताइएको छ । प्रधानमन्त्री ताकाइचीको दल र सत्तारूढ गठबन्धनका साझेदारहरूले हालै प्रस्तुत गरेको प्रस्तावअनुसार जापानको रक्षा उद्योगलाई विस्तार गर्ने तथा मित्र राष्ट्रहरूसँग सैन्य सहकार्य बढाउने नीति अघि सारिएको छ ।

# ५६ वर्षीय मोजताबा नयाँ सर्वोच्च नेता



पेरिस, ९ मार्च ( एएफपी) । इजरायल र इरानबिच जारी युद्ध झन् व्यापक बन्दै जाँदा सोमबार मध्यपूर्वका विभिन्न देशहरूमा आक्रमण, प्रतिआक्रमण, कूटनीतिक पहल र आर्थिक प्रभाव एकसाथ देखिएका छन् । नयाँ सर्वोच्च नेताको चयनपछि इरानले इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेको छ भने इजरायलले पनि इरान तथा लेबनानमा नयाँ सैन्य कारबाही अघि बढाएको जनाएको छ । युद्धको प्रभाव खाडी क्षेत्रदेखि एसियाली बजारसम्म फैलिँदै गएको छ ।

यसैबिच, हालैको आक्रमणमा मृत्यु भएका इरानका पूर्व सर्वोच्च नेता अली खामेनीका छोरा ५६ वर्षीय मोजताबा खामेनीलाई देशको विशेषज्ञ सभाले नयाँ सर्वोच्च नेताका रूपमा चयन गरेको छ । इरानको रिभोलुसनरी गार्ड्सले तत्काल नयाँ नेताप्रति वफादारी व्यक्त गरेको जनाएको छ । न्यायपालिकाका प्रमुख घोलामहोसेन मोहसेनी एजेईले उक्त निर्णयलाई 'आनन्द र आशाको स्रोत' बताउनुभयो भने वरिष्ठ सुरक्षा अधिकारी अली लारिजानीले यसलाई पूर्ण रूपमा कानूनी प्रक्रिया अनुसार भएको बताउनुभयो । यमनका हुथी विद्रोहीहरूले पनि खामेनीको नियुक्तिलाई स्वागत गर्दै यसलाई इस्लामिक गणतन्त्रका विरोधीहरूका लागि ठुलो झट्का भनेका छन् । यद्यपि, इजरायली सेनाले यसअघि 'कुनै पनि उत्तराधिकारी' लाई लक्षित गर्न सक्ने चेतावनी दिएको थियो भने ट्रम्पले एबिसी न्युजसँग कुरा गर्दै अर्को नेताले अमेरिकाबाट स्वीकृति नपाए लामो समय टिक्न नसक्ने घृणास्पद टिप्पणी गरे ।

नयाँ सर्वोच्च नेताको घोषणा लगत्तै इरानले सोमबार इजरायलतर्फ पहिलो क्षेप्यास्त्र प्रहार गरेको सरकारी प्रसारण संस्था आईआरआईबीले जनाएको छ । उक्त आक्रमणमा इजरायलमा ठुलो क्षति पुगेको बताइएको छ । त्यसको जवाफमा इजरायली सेनाले मध्य इरानका 'शासनसम्बन्धी पूर्वाधार' लक्षित गर्दै नयाँ आक्रमण सुरु गरेको जानकारी दिएको छ ।

युद्धको प्रभाव खाडी क्षेत्रमा पनि फैलिएको छ । बहराइनको स्वास्थ्य मन्त्रालयका अनुसार सित्रा टापुमा रातभर भएको इरानी ड्रोन आक्रमणमा ३२ जना सर्वसाधारण घाइते भएका छन् । घाइतेमध्ये बच्चासहित चार जनाको अवस्था गम्भीर रहेको मन्त्रालयले जनाएको छ । यसै क्रममा कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र कुवेतले पनि नयाँ आक्रमणको विवरण सार्वजनिक गरेका छन् । कतारको राजधानी दोहामा विस्फोटका आवाज सुनिएको एएफपीका पत्रकारहरूले बताएका छन् । कतारको रक्षा मन्त्रालयले आफ्नो वायु प्रतिरक्षा प्रणालीले क्षेप्यास्त्र आक्रमण रोकेको जनाएको छ । साउदी अरबका नागरिक सुरक्षा अधिकारीहरूका अनुसार आइतबार भएको एक प्रक्षेपणमा दुई जनाको मृत्यु भएको र १२ जना घाइते भएका छन् ।

# जर्मन औद्योगिक कमजोरीले मर्जमाथि दबाब बढायो

फ्रान्कफर्ट (जर्मनी), २५ फागुन (एएफपी) । जनवरीमा जर्मन औद्योगिक उत्पादन र अर्डरहरू अपेक्षाभन्दा कमजोर आएको तथ्याङ्कले चान्सलर फ्रेडरिक मर्जमाथि युरोपको सबैभन्दा ठुलो अर्थतन्त्रलाई पुनर्जीवित गर्ने दबाब बढाएको छ । सङ्घीय तथ्याङ्क कार्यालय डेस्टाटिसका अनुसार औद्योगिक उत्पादन ०.५ प्रतिशतले घटेको छ । यद्यपि विश्लेषकहरूले ०.९ प्रतिशत वृद्धिको अनुमान गरेका थिए ।

औद्योगिक अर्डरहरूमा ११.१ प्रतिशतको गिरावट आएको छ । यो फ्याक्टसेट विश्लेषक सर्वेक्षणमा अपेक्षित ५.२ प्रतिशतको भन्दा धेरै ठुलो हो । यसले उद्योगमा माग कमजोर रहेको स्पष्ट सङ्केत दिएको छ ।

सार्वजनिक ऋणदाता केएफडब्लुका अर्थशास्त्री डर्क शुमाकरले भन्नुभयो, "यी सङ्ख्या स्पष्ट रूपमा निराशाजनक छन् । अर्डर इन्टेकमा देखिएको गिरावटले सङ्केत गर्दछ कि वृद्धिले उद्योगलाई अझ पछाडि राखेको छ ।"

सन् २०२६ को सुरुआतमा सकारात्मक आर्थिक तथ्याङ्कले जर्मन उद्योगको रिकभरी सम्भावित हुने सङ्केत दिएको थियो, तर जनवरीको तथ्याङ्कले यो सुधार कति कमजोर छ भन्ने देखाएको छ । मर्जका लागि यो चुनौतीपूर्ण पढाइ हो, जसले जर्मनीको फ्ल्याटलाइनिङ अर्थतन्त्रलाई गति दिन आफ्नो शीर्ष प्राथमिकता बनाएको छ ।

शुमाकरका अनुसार सरकारको रक्षा र अन्य क्षेत्रहरूमा बढ्दो खर्चले केही क्षेत्रमा सुधार ल्याएको छ, तर व्यापक औद्योगिक वृद्धिको लागि पर्याप्त छैन । उहाँले भन्नुभयो, "केही क्षेत्र, जस्तै रक्षा, तीव्र रूपमा विकास भइरहेको छ, तर यसले समग्र उद्योगमा व्यापक वृद्धि ल्याउन पर्याप्त छैन ।"

कोभिड-१९ महामारीपछिको समयदेखि जर्मनीको अर्थतन्त्र अपेक्षाकृत सुस्त गतिमा बढेको छ । जनवरीमा सरकारले सन् २०२६ का लागि वृद्धिको अनुमान १ प्रतिशतमा झारेको थियो ।

# स्पेस टेक्नोलोजीमा चीनको कदम : लङ मार्च-८ए वाईद रकेट प्रक्षेपण तयारीमा

बेजिङ, ९ मार्च (सिन्ह्वा) । चीन अकादमी अफ लन्च भेइकल टेक्नोलोजीले विकास गरेको लङ मार्च-८ए वाई८ क्यारियर रकेट दक्षिण चीनको हाइनान प्रान्तस्थित प्रक्षेपण स्थलमा सुरक्षित राखिएको छ । आगामी दिनहरूमा यसको प्रक्षेपण हुने तालिका तय गरिएको छ ।

लङ मार्च-८ए लङ मार्च-८ श्रृङ्खलाभित्रको सुधारिएको मोडेल हो । यसले ७ टन तौलको पेलोड ७०० किलोमिटर कक्षमा पुर्‍याउन सक्ने क्षमता राख्छ । उच्च घनत्व र द्रुत सेटेलाइट प्रक्षेपणका लागि विशेष रूपमा डिजाइन गरिएको यस रकेटले चीनको अन्तरिक्ष प्रविधि र व्यावसायिक अन्तरिक्ष मिशनमा महत्त्वपूर्ण योगदान दिने विश्वास गरिएको छ ।

फेब्रुअरी सन् २०२५ मा यसको पहिलो उडान भएदेखि यस मोडेलले सात सफल मिशन पूरा गरिसकेको छ । यसले चीनको सेटेलाइट इन्टरनेट कन्स्टेलेसन निर्माणको मुख्य प्रक्षेपण यानको रूपमा काम गरिरहेको छ । चीनको योजना अनुसार लङ मार्च-८ श्रृङ्खलाबाट २०२६ मा करिब १५ प्रक्षेपण सम्पन्न हुनेछन्, जसले चीनको स्पेस नेटवर्क विस्तारमा ठुलो योगदान पुर्‍याउनेछ ।

विशेषज्ञहरूको भनाइ अनुसार लङ मार्च-८ए वाई८ रकेटको उच्च पेलोड क्षमता र द्रुत प्रक्षेपण तालले सानो र मध्यम आकारका सेटेलाइटहरूलाई छिटो र सुरक्षित रूपमा कक्षा स्थानमा पुर्‍याउन सक्ने सुविधा प्रदान गर्दछ । यसले चीनको अन्तरिक्ष टेक्नोलोजी र व्यावसायिक स्पेस मिशनमा नयाँ उचाइ थप्नेछ ।

# अनुभव, सङ्केत, ज्ञान र तिनको व्यावहारिक उपयोग

✍ गोविन्द लोहनी

ज्ञान प्राप्त गर्ने (जान्ने वा योग्यता बढाउने) दुई प्रमुख उपाय हुन् - पढेर तथा भोगेर। यी दुईमध्ये भोग्नु वा अनुभव प्राप्त गर्नु मौलिक ज्ञान हो र पढ्नु (किताबी विद्या वा शास्त्र अध्ययन) वा डिग्री प्राप्त गर्नु साङ्केतिक वा कृत्रिम ज्ञान। शब्दहरू वस्तु सत्ता र अनुभूतिका सङ्केत हुन्, प्रतीक हुन्, स्वयम् ज्ञान होइनन्। त्यसैले प्रारम्भिक अनुभव नभई शब्द र ध्वनिले मात्र केही पनि बुझिन्न। गुलियो भन्ने शब्दको मर्म गुलियो चाखेकालाई मात्र थाहा हुनसक्छ। जीवनमा एकपल्ट शूल भएकाले मात्र शूल भन्ने शब्दभित्र लुकेको पीडाको कल्पना गर्न सक्छन्। कल्पना हाम्रो अनुभव र चेतनामा सीमित हुन्छ। अत: अपूर्ण र ज्यादा भावात्मक हुन्छ। लडाइँ, क्रान्ति, प्रेम, वियोग, पुत्रशोक, शून्यता, पट्यार, जीवनको निस्उद्देश्यता, खतरा, दुर्घटना, सामाजिक-आर्थिक चिन्ता र गतिरोध, प्रशासनको जटिलता, नेतृत्व, अनुसन्धान, खोज, हिसाब ठ्याक्क मिल्दा हुने प्रसन्नता, सेवा र त्यागबाट प्राप्त हुने आनन्द, पढ्दा वा लेख र कविता लेख्दा, चित्र बनाउँदा वा कुनै पनि सृजना गर्दा प्राप्त हुने आनन्द नभोगी थाहा पाइन्न। आफूले जानेका बुझेका विषयमा काम गर्न नपाउँदा हुने नैराश्य, मूर्खले बेवकुफी हठ गर्दा, अहङ्कार देखाउँदा उसका मूर्खतापूर्ण घमन्डी कुरा सुनी रहनुपर्दा मनमा आउने अशान्ति र विवशताको भाव, अनुभव केही नभएका युवकहरूले गधा पच्चीसेको जोशमा मै हुँ मै हुँ गर्दै सीमित किताबी ज्ञानको भरमा जीवनभरको अध्ययन, निरीक्षण, मनन र अनुभवबाट भनेका कुराहरूलाई हाँसेर उडाएको देख्दा हुने पीडा र छटपटी, आकाशपट्टि टोलाइरहँदा आफू पृथ्वीरूपी विशाल अन्तरिक्षयानमा बसेको र यो यान हाम्रो सूर्य र हाम्रो तारापुञ्ज (ग्यालेक्सी) को अविरल ब्रह्माण्ड यात्रामा लाखौं कोसप्रति मिनेटको दरले गइरहेको तथा क्षण-क्षणमा हाम्रो ब्रह्माण्डको अर्के स्थान पार गर्दै गइरहेको विराट् अनुभव र यस्ता अनुभवबाट आउने वैज्ञानिक रहस्यवादी भावुकता, सडकमा हिँडिरहेका अनेक किसिमका, अनेक उमेरका स्त्री-पुरुष र तिनीहरूमध्ये प्रत्येकको जीवनको लक्ष्य, प्रेरणाको स्रोत, व्यवहारको परिधि र हावभाव, लवाइ-खवाइ-हेराइबाट देखिने जीवन दर्शनबारे घोरिँदा मनुष्यरूपी जन्तुको मूल प्रवृत्तिबारे आउने तर्कना, जीवन र जगत्को विविधता देख्दा, अनिश्चितता देख्दा, छिटोछिटो भइरहेका परिवर्तनहरू र उत्थान पतनका लहरहरू तथा आकस्मिक मृत्यु, रोगव्याधी देख्दा आउने वैराग्य यी केवल भोगेका वा भोगिरहेकाले बुझ्छन् वा राम्रोसँग कल्पना गर्न सक्छन्। शब्दहरू त बालकले पनि बोल्छ, तोता मैनालाई पनि घोकाउन सकिन्छ। डिग्री प्राप्त हुने पढाइको युगमा घोकेको भरमा बुद्धिमानी बन्न त्यति गाहारो छैन। त्यसैले ज्ञानको परीक्षा कार्यक्षेत्रमा ओरालेर मात्र लिन सकिन्छ।

प्रारम्भिक अनुभव नै ज्ञानको आधार हो। यो कुरा विज्ञानसिद्ध भइसकेको छ। सङ्केत, ध्वनि, सरल शब्द तथा भावपूर्ण वा तर्कपूर्ण शब्दहरू विद्युत् सङ्केतको रूपमा मस्तिष्कको सेरेबेरेल कोर्टेक्स भन्ने ठाउँमा (टाउकोको निधारपट्टिको कोठा) जान्छन्। ती सङ्केतहरूको साथमा स्वत: वा कार्यक्रमानुसार जोडिएको वा जोडेको मूल अनुभव (संवेदन र सञ्चालनका क्रिया-प्रतिक्रियाहरू) मस्तिष्कको गर्धनको पछिल्लो भागसँग जोडिएको मेडुल्ला (आब्लिङगाटा) मा जान्छ। तर, यी दुई घटना सँगसँगै र बारबार भएमा (जसलाई बानी, अध्ययन, संयोग, परिस्थिति, वातावरण, प्रचार, विज्ञापन आदिद्वारा मिलेको वा Conditioned भन्छन्) प्रारम्भिक अनुभवको क्रिया-प्रतिक्रिया सङ्केतले पनि हुन थाल्छ। जस्तै:- कवाफ भन्ने सुनेर मुखमा राल आउनु, भोज भन्ने सुन्दा प्रसन्न हुनु, भोज खाँदाखाँदै हाड अड्केर कसैको आकस्मिक मृत्यु भएको देखेको वा सुनेको रहेछ भने भोज भन्ने शब्दको आनन्दका साथमा मृत्यु भय पनि मिसिनु आदि। निर्देशन (Suggestion) र सम्मोहन (Hypnotism) को मुख्य उपाय सेरेबेरेल कोर्टेक्समा प्रभाव पार्नु हो। तन्द्राको अवस्थामा अनुभूति र चेतना खुकुलो भएका हुन्छन्। मन्द प्रकाश, न्यानो बिछ्यौना, सुनसान कोठा र घडीको टिकटिक वा बिजुली पङ्खाको एकनास आवाज वा लयदार मन्द बाजाको कोमल ध्वनिले चेतना र विवेकलाई झन् शिथिल पारिदिन्छन्। यस्तो वातावरणमा टोलाइरहेको व्यक्तिलाई दृढस्वरमा कुनै व्यक्तिले जे सुनाउँछ त्यो सङ्केत ठाडै सेरेबेरल कोर्टेक्सको अवचेतन (Subconscious) स्तरमा पुग्छ र उसको शारीरिक क्रिया-प्रतिक्रियामा प्रबल पर्छ। कैयौं दिनसम्म नित्य यो क्रिया गरिएमा यस्तो प्रभाव त्यस व्यक्तिको अन्तरमा स्थायी रूपले बसाउन सकिन्छ। मानिसहरूको स्वभाव, वृत्ति, शारीरिक क्रिया आदिलाई वातावरणबाट स्वत: आउने यस्ता प्रभावहरूले धेरै अंशमा वशीभूत पारेका हुन्छन्। त्यसैले त जातिहरूका, वर्गहरूका, समुदायहरूका विशिष्ट स्वभाव हुन्छन्, संस्कृति हुन्छन्, शारीरिक क्रिया-प्रतिक्रिया हुन्छन्, शरीर र मनका आफ्ना आफ्ना प्रकृति हुन्छन्।

वातावरणबाट सङ्केत रूपमा मस्तिष्कमा कुनै प्रभाव पार्न सङ्केत र विषयवस्तुको परस्पर सम्बन्ध र क्रिया-प्रतिक्रियाको वैज्ञानिक नियमहरूको राम्रो ज्ञान हुन आवश्यक हुन्छ। शिक्षक नै पहिले शिक्षित हुनुपर्छ। प्रचार, विज्ञापन, कूटनीति, भाषण, पत्रकारिता, प्रभावकारी कला, नाटक, नृत्य फिल्म र साहित्य, शिक्षण, उपदेश सङ्क्षेपमा भन्ने हो भने मानिसहरूको मगज र चेतनामा प्रभाव पारेर उनको व्यवहार र गतिविधिमा वाञ्छित प्रभाव पार्ने उद्देश्य जहाँ पनि सङ्केतहरूको वैज्ञानिक उपयोग गरेर मात्र हुनसक्छ। सङ्केतहरूलाई वैज्ञानिक रूपमा प्रयोग गर्नुलाई अङ्ग्रेजीमा Conditioning भनिन्छ। सङ्केतहरूको मिथ्या ज्ञानले ठूलो हानि पनि हुनसक्छ, मस्तिष्क विकृत पनि हुनसक्छ। स्नायविक रोग र पागलपनमा (Neurosis / Psychosis) वा साधारण स्नायु विकारमा समेत मुख्य कारण सङ्केतहरूको गलत प्रयोग हुन्छ। अन्धविश्वास, मिथ्या भयहरू (Phobias) अतिशय आशक्ति र लोभ, अयथार्थवादी अहङ्कार (Manias), मनोगत चिन्तन (Subjectivism) विकृत कल्पनालाई वस्तुगत सत्ता सम्झेर गरिने लाखौं किसिमका मानवीय व्यवहार (Schizophernia) आदिको मूलमा सङ्केतहरूको संयोग नै पाइन्छ। हाम्रा धेरैजसो अन्ध-प्रवृत्तिहरू (Bias) मा सङ्केतहरूका प्रभाव हुन्छन्। अत: सङ्केत र प्रतीकहरू ज्ञान र अज्ञान, स्वास्थ्य र रोग, असल र खराब दुवैको कारण हुनसक्छन्। सङ्केतमा ठूलो शक्ति छ, स्नायु-मण्डलमा प्रभाव पार्ने ताकत छ। सङ्केतहरू मन्त्रजस्तै हुन्।

शब्दहरू ध्वनिसङ्केत तथा रेखासङ्केतका परिष्कृत रूप हुन्। तीन-चार वर्षसम्मका बच्चाहरूको शब्दावली सीमित र अनुभवग्राह्य हुन्छन्। पिछडिएका जातिहरूको पनि यस्तै हुन्छ। तर, मानव-व्यवहारको परिधि बढ्दै गएपछि प्रारम्भिक सङ्केतका पनि सङ्केत बन्छन्। आज विज्ञान, दर्शन, राजनीति, अर्थशास्त्र, साहित्य, कला आदि क्षेत्रमा बोलिने शब्दहरू यस्तै सङ्केतका सङ्केत हुन्। प्रत्येक शास्त्रको, प्रत्येक ज्ञानको आफ्नो-आफ्नो प्राविधिक शब्दावली बन्दै गइरहेछन् र बन्दै जानेछन्। भानुभक्तलाई थोरै शब्दले काम चल्यो। सरल शब्दले व्यवहार टर्यो। देवकोटा र बालकृष्ण समलाई धेरै र जटिल सङ्केतहरू चाहियो। सय वर्षपछिका नेपालीहरूले अहिले हामीले बोल्ने र लेख्ने गरेको नेपाली भाषालाई कति अपर्याप्त, कति दरिद्र मान्लान्, कति अपूर्ण र अवैज्ञानिक मान्लान्। भाषाको र शब्दावलीको अपर्याप्तता अनुभव हुनु पनि ज्ञानको लक्षण हो। देवकोटा, सम, टेगोर, आइन्स्टाइन, बट्रेन्ड रसेल, लेनिन, पिकासो, सार्ज, फ्रायड र जुङ आदिले आफ्ना सबै अनुभव वर्णन गर्न सके होलान् भन्ने कुरामा मलाई शङ्का छ। शब्दहरू सीमित सङ्केत हुन्, सम्पूर्ण अनुभव शब्द र रेखाले भन्न मिल्दैन। अनुभूतिलाई व्यक्त गर्ने नयाँ-नयाँ माध्यमहरूको खोज चलिरहेछ, प्रत्येक विद्वान्ले नयाँ-नयाँ सङ्केतहरूको सृजना गरिरहेछन्। तर, यो बिर्सनुहुन्न, सङ्केत बनाउन, सङ्केत बुझ्न र सङ्केत व्यक्त गर्न अनुभूति गहिरो चाहिन्छ, अनुभव विस्तृत र विविधतापूर्ण चाहिन्छ। चिन्तन, मनन र छटपटी र व्याकुलताबाट अनुभूतिका सच्चा ध्वनिहरू निस्कन्छन्। जीवनका विविध प्रकारका परिस्थितिमा हामीले पर्नुपर्छ, पौडी खेल्नुपर्छ, दु:ख-सुख, हन्डर र विपत्ति झेल्नुपर्छ। भोगेर, गुनेर, बुझेर तथा हाम्रोजस्तै आर्थिक-सामाजिक परिस्थितिमा व्यक्त गरिएका वाणीहरूमा मनन गरेर, घोरिएर हामीले ज्ञान प्राप्त गर्नुपर्छ। कोरा किताबी ज्ञानले अनुभव प्राप्त गर्न सकिन्न किनभने ती सब अरूको, अर्कै वातावरण र इतिहासका अनुभव हुन्। आफ्नो अनुभव र अरूको भनाइ भिडाएर हेरेपछि मात्र सच्चा ज्ञान हुन्छ। त्यस्तै पुरानो युगको अर्कै वातावरणमा हुर्केको, अर्कै वातावरणमा अर्कै कुरामा अनुभवी भएकाहरूको अनुभव पनि उस्तो काम लाग्दैन किनभने आजको युग र परिस्थिति हिजो अस्तिको होइन। भोलि पर्सि आज रहन्न। मगजलाई थोत्रो हुनबाट रोक्न युगसम्पर्क घनिष्ठ हुनुपर्दछ। आजको संसारको गहिरो र व्यापक अनुभव, हिजोको स्मरण, अस्तिको अध्ययन, भोलिको वैज्ञानिक रूपमा गरिएको परिकल्पना, प्राचीन तथा आधुनिक र पश्चिमी र पूर्वी ज्ञानहरूबाट तिखारिएको मगज, गहिराइमा गएर विचार गर्ने बानी र सर्वोपरि साध्य र साधनको बारेमा निश्चित र यथार्थवादी दृष्टिकोणबाट आजको परिस्थितिमा काम लाग्ने ज्ञान प्राप्त हुनसक्छ।

सङ्केत, प्रतीक, फर्मुला, बडा बडा अङ्ग्रेजी शब्दहरू 'श्लोकहरू' विदेशी हावभाव र शैली इत्यादिबाट ज्ञानको परिचय दिन खोज्नेहरू दुई गेडा अन्न बढ्ता उमार्न नसकुञ्जेल वा ज्ञानको कुनै क्षेत्रमा कुनै नयाँ कुरा थप्न नसकुञ्जेल, कुनै मौलिकता देखाउन नसकुञ्जेल, देशको र समाजको अगाडि आइपरेका समस्याहरूको व्यावहारिक समाधान प्रस्तुत गर्न नसकुञ्जेलसम्म पाण्डित्य प्रदर्शन गर्नु निरर्थक हुन्छ। सङ्केतहरू अनुभवको सहभागी भए मात्र सिद्धान्त र व्यवहार, ज्ञान र अनुभव, लक्ष्य र साधन मिल्दछन्।

***स्रोत : गोविन्द लोहनीका दार्शनिक रचनाहरू***

# लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रकृया

✍ प्रेमचन्द्र झा

नेपालको राजनीतिले पछिल्ला तीन दशकभन्दा बढी समयको यात्रामा धेरै परिवर्तनहरू देखेको छ। व्यवस्था फेरियो, शासनका स्वरूप बदलिँदै गए, नयाँ संविधान आयो, नयाँ नेतृत्वहरू उदाए र पुराना शक्तिहरू कमजोर हुँदै गए। तर यति धेरै राजनीतिक परिवर्तनको बिचमा एउटा प्रश्न भने निरन्तर उठिरह्यो–के यी परिवर्तनले नागरिकको जीवनमा अपेक्षित सुधार ल्याए ?

आजको राजनीतिक परिस्थिति हेर्दा यही प्रश्न झन् गम्भीर रूपमा उठेको देखिन्छ। लामो समयसम्म राजनीतिमा प्रभाव जमाएका दलहरू अचानक असहज स्थितिमा पुगेका छन्। सत्ता र शक्तिको केन्द्रमा वर्षौंसम्म बसेका नेताहरू आज आत्मरक्षाको अवस्थामा देखिन्छन्। यस्तो परिस्थिति कसरी आयो भन्ने विषयमा गम्भीर बहस आवश्यक छ।

कसैले कल्पना पनि गरेको थिएन कि दशकौंसम्म शासनको केन्द्रमा रहेका शक्तिहरू एकाएक यति कमजोर देखिन थाल्नेछन्। कसैले सोचेको थिएन कि आफूलाई राजनीतिका धुरन्धर खेलाडी मान्ने नेताहरूलाई भर्खरै उदाएका युवा पुस्ताका नयाँ शक्तिहरूले यति ठूलो चुनौती दिनेछन्। तर राजनीति त्यही क्षेत्र हो जहाँ स्थायित्वभन्दा परिवर्तन बलियो हुन्छ। जनताको मन परिवर्तन भए राजनीति पनि परिवर्तन हुन्छ।

नेपालको लोकतान्त्रिक यात्राको सुरुवात ठूलो आशा र उत्साहका साथ भएको थियो। जनताले सङ्घर्ष गरेर प्राप्त गरेको अधिकारले देशलाई नयाँ दिशातर्फ लैजाने विश्वास थियो। बहुदलीय व्यवस्था पुन:स्थापित भएपछि नागरिकहरूले सोचेका थिए–अब शासन पारदर्शी हुनेछ, विकास तीव्रगतिमा अघि बढ्नेछ, र राज्यले नागरिकको जीवनलाई सहज बनाउनेछ।

तर, समय बित्दै जाँदा जनताको अपेक्षा र वास्तविकताको बिचमा दूरी बढ्दै गयो। राजनीतिक दलहरूबिचको प्रतिस्पर्धा विकासको नीतिमा होइन, सत्ताको समीकरणमा केन्द्रित हुन थाल्यो। गठबन्धन बनाउने र भत्काउने खेलले शासन प्रणालीलाई अस्थिर बनायो। जनताको जीवनमा प्रत्यक्ष असर पर्ने मुद्दाहरू भने पछाडि पर्दै गए।

तीन दशकको अवधिमा देशले धेरै सरकारहरू देख्यो। प्रधानमन्त्रीहरू फेरिए, गठबन्धन फेरिए, तर आम नागरिकको जीवनमा ठूलो परिवर्तन देखिएन भन्ने गुनासो व्यापक हुँदै गयो। विकासका योजनाहरू कागजमै सीमित हुने, भ्रष्टाचारका आरोपहरू बारम्बार उठ्ने र राज्यका निकायहरू राजनीतिक प्रभावमा परेको आरोप लागिरहने अवस्थाले नागरिकमा निराशा बढाउँदै लग्यो।

यही निराशाले समाजमा एउटा मौन असन्तोष सिर्जना गरिरहेको थियो। त्यो असन्तोष लामो समयसम्म बाहिर प्रकट नहुन सक्छ तर एक दिन त्यो राजनीतिक परिवर्तनको रूपमा प्रकट हुन्छ। इतिहासले देखाएको छ–जब जनताको धैर्यको सीमा पार हुन्छ, तब परिवर्तन अवश्य हुन्छ।

आज देखिएको राजनीतिक परिदृश्यलाई पनि यही सन्दर्भमा बुझ्नुपर्छ। यो अचानक भएको घटना होइन। यो वर्षौं देखि जम्दै आएको असन्तोषको परिणाम हो। नागरिकहरूले आफ्ना मतमार्फत एउटा सन्देश दिएका छन् –राजनीति अब पुरानै ढर्रामा चल्न सक्दैन।

लामो समयसम्म सत्ता र शक्ति आफ्नो वरिपरि केन्द्रित राख्ने दलहरूमा एउटा समस्या देखिन्छ–आत्मसन्तुष्टि। जब नेतृत्वलाई लाग्न थाल्छ कि जनताको समर्थन स्थायी रूपमा आफ्नो पक्षमा छ, तब उनीहरू जनभावनाबाट टाढा हुन थाल्छन्।

राजनीतिमा अहङ्कार सबैभन्दा ठूलो कमजोरी हो। नेतृत्वले आफूलाई आलोचनाभन्दा माथि राख्न थाल्यो भने त्यहाँबाट समस्याहरू सुरु हुन्छन्। नागरिकका गुनासा सुन्ने क्षमता घट्दै जान्छ। आलोचनालाई सुधारको अवसरका रूपमा हेर्नुको सट्टा विरोधको रूपमा बुझ्न थालिन्छ।

यस्तो अवस्थामा नेतृत्व र जनताको बिचमा दूरी बढ्दै जान्छ। त्यो दूरी एक दिन चुनावी परिणाममा प्रकट हुन्छ।

नेपालको राजनीतिक दलहरूमा अर्को ठूलो समस्या भनेको आन्तरिक विवाद हो। गुटबन्दी, नेतृत्वको प्रतिस्पर्धा, टिकट वितरणमा देखिने विवाद र व्यक्तिगत महत्त्वाकाङ्क्षाले सङ्गठनलाई कमजोर बनाउँछ। जब पार्टीभित्र नै विश्वासको सङ्कट उत्पन्न हुन्छ, तब त्यो सङ्कट बाहिर पनि देखिन थाल्छ।

कतिपय अवस्थामा पार्टीका नेताहरू आपसमा यति धेरै विवादमा फस्छन् कि जनताको मुद्दा नै ओझेलमा पर्छ। राजनीतिमा यस्तो अवस्था लामो समय टिक्न सक्दैन। नागरिकहरूले अन्तत: विकल्प खोज्न थाल्छन्।

आजको समाजमा सूचना प्रविधिको प्रभाव अत्यन्त ठूलो छ। सामाजिक सञ्जालले नागरिकलाई आफ्नो आवाज व्यक्त गर्ने नयाँ माध्यम दिएको छ। पहिले जनमत निर्माण गर्न धेरै समय लाग्थ्यो तर अहिले एउटा घटना वा अभिव्यक्तिले केही घण्टामै देशव्यापी बहस सिर्जना गर्न सक्छ।

यसले राजनीतिमा पारदर्शिताको आवश्यकता अझ बढाएको छ। नेताहरूको व्यवहार, निर्णय र अभिव्यक्ति अब तुरुन्तै सार्वजनिक बहसको विषय बन्न सक्छ। त्यसैले राजनीतिमा जिम्मेवारी र संवेदनशीलता झन् आवश्यक भएको छ।

यसैबिच, युवा पुस्तामा परिवर्तनको चाहना तीव्र रूपमा बढेको देखिन्छ। उनीहरू पुराना राजनीतिक भाष्यभन्दा फरक सोच चाहन्छन्। पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी शासनप्रति उनीहरूको अपेक्षा बढी छ।

नेपालबाट ठूलो सङ्ख्यामा युवाहरू विदेश गइरहेको वास्तविकता पनि यही असन्तोषसँग जोडिएको छ। रोजगारीको अभाव, अवसरको कमी र भविष्यप्रतिको अनिश्चितताले युवाहरूलाई देश छोड्न बाध्य बनाइरहेको छ। जब युवा पुस्ताले आफ्नै देशमा सम्भावना देख्न छोड्छ, त्यो राज्यका लागि गम्भीर चेतावनी हो।

नयाँ राजनीतिक शक्तिहरूको उदय पनि यही सन्दर्भमा बुझ्नुपर्छ। जब पुराना दलहरूले जनताको अपेक्षा पूरा गर्न सक्दैनन्, तब समाजले नयाँ विकल्प खोज्छ। नयाँ पार्टीहरू, नयाँ नेतृत्व, र नयाँ भाष्यले त्यही खाली स्थान भर्न खोज्छन्।

तर नयाँ शक्ति आउनु मात्र पर्याप्त हुँदैन। वास्तविक चुनौती भनेको विश्वासलाई कायम राख्नु हो। जनताले परिवर्तनको आशामा समर्थन दिएका हुन्छन्। यदि त्यो आशा पूरा हुन सकेन भने निराशा अझ गहिरो हुनसक्छ।

त्यसैले नयाँ नेतृत्वका लागि जिम्मेवारी झन् ठूलो हुन्छ। उनीहरूले पारदर्शिता, इमानदारी, र प्रभावकारी शासनमार्फत आफूलाई फरक साबित गर्नुपर्छ।

लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रक्रिया हुन्। कुनै पनि दल सधैं सत्तामा रहन सक्दैन र कुनै पनि दल सधैं प्रतिपक्षमा रहिरहनुपर्ने छैन। राजनीतिक शक्तिको उतार-चढाव लोकतान्त्रिक प्रणालीको स्वाभाविक विशेषता हो।

तर, हारलाई कसरी लिने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। यदि हारलाई केवल अपमानको रूपमा लिइयो भने त्यसबाट कुनै सुधार सम्भव हुँदैन। तर, यदि हारलाई आत्मसमीक्षाको अवसरको रूपमा लिइयो भने त्यो भविष्यका लागि उपयोगी बन्न सक्छ।

पुराना दलहरूका लागि अहिलेको समय आत्मसमीक्षाको समय हो। विगतका निर्णयहरू, नीति र व्यवहारको गम्भीर समीक्षा आवश्यक छ। सङ्गठनलाई पुन:संगठित गर्नुपर्ने आवश्यकता देखिएको छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको नयाँ पुस्तालाई अवसर दिनु हो। राजनीति केवल केही व्यक्तिहरूको वरिपरि केन्द्रित रहँदा सङ्गठन कमजोर हुन्छ। नयाँ नेतृत्वलाई अघि ल्याएर मात्र सङ्गठनलाई जीवित राख्न सकिन्छ।

राजनीतिमा सम्मान र सहकार्यको संस्कृति पनि अत्यन्त आवश्यक छ। असहमति लोकतन्त्रको स्वाभाविक हिस्सा हो तर असहमति व्यक्तिगत शत्रुतामा परिणत हुनु हुँदैन।

नेपालजस्तो विविधता भएको देशमा सबै राजनीतिक शक्तिहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। राष्ट्रिय हितका विषयहरूमा सहकार्य आवश्यक हुन्छ। विकास, शिक्षा, स्वास्थ्य र आर्थिक समृद्धि जस्ता मुद्दामा दलहरूबिच सहमति बन्न सक्नुपर्छ।

आजको राजनीतिक परिस्थितिले एउटा महत्त्वपूर्ण सन्देश दिएको छ–जनता नै लोकतन्त्रको अन्तिम निर्णायक शक्ति हुन्। जब जनताको आवाजलाई बेवास्ता गरिन्छ तब उनीहरूले आफ्नो मतमार्फत जवाफ दिन्छन्।

त्यसैले आज देखिएको परिणामलाई कसैको हार वा कसैको जीतको रूपमा मात्र हेर्नु उचित हुँदैन। यो लोकतान्त्रिक प्रक्रियाको एउटा चरण हो। यसले

***बाँकी पृष्ठ ८ मा***

## हार्दिक समवेदना



यस संस्थाका सदस्य नं. ७७१ का **अष्टमाया ध्वजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २०३४।०१।०९
निधन : २०८२।११।०२

**लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
इटाछेँ-२, भक्तपुर, फोन नं. ६६१९०६८

## हार्दिक समवेदना



यस बासुरी बाजा खल:का सदस्य राजमती लवजुका पूजनीय पिता **गोविन्द लवजु**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २००९।०१।२६
निधन : २०८२।११।१४

**लैको बासुरी बाजा खल:**
लैको, भनपा ५, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२००७।०४।२७

स्वर्गारोहण
२०८२।११।१६

यस संस्थाका संस्थापक सदस्य बिमल राजचलका पूजनीय पिता **विष्णुभक्त राजचल**को असामयिक निधन भएको आज एघारौँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**स्वर्णिम बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह-९, भक्तपुर

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहोला

**सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार यस संस्थामा सदस्य महानुभावहरूले हरेक ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं., अन्य विवरण) भएमा संस्थामा उपलब्ध सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहुन अनुरोध छ ।**

### संस्थाको ऋण सुविधा उपयोग गरौं

## नव उद्यम ऋण

वार्षिक ६.५% ब्याजदरमा

- स्वदेशमै नयाँ व्यवसाय सुरू गर्न ।
- हाल अधिकतम **पच्चीस लाखसम्मको** लगानी ।

* सर्तहरू लागू हुनेछ ।




### गतिविधि





लघुवित्त तथा बचत समूह परिचालन उपसमितिको आयोजनामा सम्पन्न नारी दिवसको अवसरमा कानुनसम्बन्धी साक्षरता कार्यक्रममा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा र कार्यक्रममा सहभागी सदस्यहरू । (फागुन २४)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

# लेबनानमा इजरायली आक्रमण, सीमा क्षेत्रमा भिडन्त जारी

पेजिङ, ९ मार्च (एएफपी) । लेबनानमा जारी सङ्घर्षमा हिजबुल्लाहले पूर्वी लेबनानमा हेलिकोप्टरमार्फत प्रवेश गरेको इजरायली सेनासँग लडिरहेको जनाएको छ । यो पछिल्लो इजरायल-हिजबुल्लाह द्वन्द्वको दोस्रो ठुलो भौतिक मुठभेड हो ।

गत हप्ता इरान समर्थित हिजबुल्लाहले इरानी सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अमेरिकी-इजरायली हवाई आक्रमणमा हत्याको जवाफस्वरूप इजरायलमाथि हमला गरेको थियो, जसले लेबनानलाई मध्यपूर्व युद्धमा तानेको थियो ।

इजरायलले सन् २०२४ को स्थायी अवधिपछि पनि हिजबुल्लाहलाई लक्षित गर्दै लगातार हवाई आक्रमण जारी राखेको छ र सीमा क्षेत्रमा भूतल सैनिक पठाएको छ । हिजबुल्लाहले सिरियाली सीमाबाट करिब १५



इजरायली हेलिकोप्टर प्रवेश गरेको पत्ता लागेको र आफ्ना लडाकुहरूले उनीहरूलाई कारबाही गरेको जनाएको छ ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सीले नबी शीट गाउँको बाहिरी क्षेत्रमा ती हेलिकोप्टर र सैनिकसँग तीव्र मुठभेड भएको रिपोर्ट गरेको छ । बेका क्षेत्रमा कार्यरत हिजबुल्लाहका दुई अधिकारीले एक इजरायली हेलिकोप्टर खसेको जानकारी दिएका छन् ।

बेरुतको दक्षिणी उपनगर, जो हिजबुल्लाहको मुख्य क्षेत्र हो, मा विस्फोट र धुवाँ देखिएको छ । इजरायली सेनाले त्यहाँ हिजबुल्लाहको पूर्वाधारमाथि आक्रमण गरेको छोटो बयान जारी गरेको छ । साथै, ताइर डेब्बा र ओडाइसेह, ऐटारौनजस्ता सीमागत सहरहरूमा हिजबुल्लाहले इजरायली सैनिकमाथि तोप आक्रमण गरेको र मुठभेड भएको जनाएको छ ।

लेबनानको स्वास्थ्य मन्त्री राकान नासरुद्दिनका अनुसार इजरायली हवाई आक्रमणमा ३९४ जनाको मृत्यु भएको छ, जसमा ८३ बालबालिका र ४२ महिला छन् । इजरायली सेनाले पनि दक्षिणी लेबनानमा दुई सैनिकको मृत्यु भएको पुष्टि गरेको छ, जुन मार्च २ देखि सुरु भएको पछिल्लो अभियानमा पहिलो सैनिक क्षति हो ।

***हावर्ड...***

स्ट्राइक' (Decapitation strike) को रूपमा वर्णन गर्छन् । जुन राजनीतिक संरचनालाई अस्थिर बनाउन कुनै देशको शासक नेतृत्वलाई नै समाप्त पार्ने प्रयास हो ।

यस्ता कार्यहरूका भू-राजनीतिक असरहरू निकै गहिरा छन् । दशकौँदेखि अमेरिकी परराष्ट्र नीतिलाई 'नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था' को भाषा प्रयोग गरेर जायज ठहराइँदै आएको थियो । एउटा बहालवाला राष्ट्रपतिको गिरफ्तारी र विदेशी राष्ट्राध्यक्षको लक्षित हत्याले समकालीन अन्तर्राष्ट्रिय राजनीतिमा सार्वभौमसत्ताको सीमाका बारेमा अप्ठ्यारा प्रश्नहरू खडा गरेका छन् ।

जिनका पाठकहरूका लागि यी घटनाहरू उनको अन्तर्निहित सिद्धान्तको नाटकीय पुष्टिका रूपमा देखिन्छन् । जिनको तर्क थियो कि अमेरिकी परराष्ट्र नीति प्राय: नैतिक शब्दावलीको आवरणमा शक्तिको प्रदर्शनमा निर्भर हुन्छ । भेनेजुयलाको छापा र इरानी नेतृत्वमाथिको प्रहारले ती शक्ति-यन्त्रहरूले कसरी काम गर्छन् भन्ने देखाउँछन्, जब त्यहाँबाट नैतिक आवरण पूर्ण रूपमा हट्छ ।

साथै, ट्रम्प युगले यस्ता खुलासाहरूका परिणामका बारेमा जिनका अपेक्षाहरूलाई केही जटिल बनाइदिन्छ । जिनको विश्वास थियो कि शक्तिका लुकेका संरचनाहरूलाई उजागर गर्दा तिनको वैधता कमजोर भई ती संरचनाहरू पनि कमजोर हुनेछन् । तर, समकालीन राजनीतिले अर्कै सम्भावनातर्फ सङ्केत गर्दछ–शक्तिको खुलासाले मात्रै त्यसलाई भत्काउँछ भन्ने छैन । बरु, यसले विश्व राजनीतिमा थप खुला र लेनदेनमा आधारित (Transactional) शैलीलाई सामान्य बनाउन सक्छ ।

ट्रम्पले यी कार्यहरूलाई ती नैतिक शब्दावलीहरूमा कमै मात्र फ्रेम गरे, जुन अघिल्ला प्रशासनहरूले अमेरिकी नेतृत्वलाई जायज ठहराउन प्रयोग गर्थे । हस्तक्षेपलाई विश्वव्यापी मूल्यमान्यताको रक्षाको रूपमा प्रस्तुत गर्नुको सट्टा, उनको वाक्पटुताले रणनीतिक लाभ र राष्ट्रिय हितमा जोड दियो । यसरी अमेरिकी हस्तक्षेपवादसँगै रहने 'वैचारिक पर्दा' पहिलेभन्दा झन् झिनो बन्यो ।

यस ठाडोपनले एउटा अनौठो ऐतिहासिक विडम्बना पैदा गरेको छ । अमेरिकी शक्तिका जुन संरचनाहरूलाई उजागर गर्न जिनले दशकौँ बिताए, ती अहिले असामान्य रूपमा स्पष्ट रूपमा प्रकट भएका छन् । तर, यस्तो खुलासाले व्यापक प्रतिरोध उत्पन्न गर्नुको सट्टा, कहिलेकाहीँ भू-राजनीतिक आत्मसमर्पण वा प्रतिद्वन्द्वी शक्तिहरूबिचको प्रतिस्पर्धामात्र पैदा गरिरहेको छ ।

यस अर्थमा, ट्रम्प युगले 'अ पिपुल्स हिस्ट्री अफ द युनाइटेड स्टेट्स' (A People's History of the United States) को बौद्धिक संरचनालाई एकैसाथ पुष्टि र चुनौती दुवै दिन्छ । आधिकारिक भाष्यहरूको सतहमुनि शक्तिले कसरी काम गर्छ भन्ने कुराको परीक्षण नगरी अमेरिकी कथालाई बुझ्न सकिँदैन भन्ने जिनको जिकिर सही थियो । तर, समकालीन राजनीतिले यो पनि देखाउँछ कि ती संयन्त्रहरूलाई उजागर गर्दैमा स्वत: एक न्यायपूर्ण राजनीतिक व्यवस्था उत्पन्न हुँदैन ।

तल्लो तहबाट लेखिने इतिहास ( History from below) अझै अपरिहार्य छ । यद्यपि, ती सङ्घर्षहरू प्रकट हुने राजनीतिक परिदृश्य भने पहिलेभन्दा बढी खण्डित, बढी खुला रूपमा रणनीतिक र सायद जिनले कल्पना गरेभन्दा पनि बढी विचलित बनाउने खालको भएको छ ।

*- काउन्टर करेन्ट डट ओ आइजीबाट*

***लोकतन्त्रमा...***

सबैलाई एउटा स्पष्ट सन्देश दिएको छ- राजनीति जनताको विश्वासमा टिकेको हुन्छ ।

यदि त्यो विश्वास कमजोर भयो भने ठुलो शक्ति पनि कमजोर हुनसक्छ ।

नेपालको भविष्य अझै सम्भावनाले भरिएको छ । देशसँग युवा जनसङ्ख्या छ, प्राकृतिक स्रोतहरू छन् र परिवर्तन चाहने समाज छ । यदि राजनीतिक नेतृत्वले जिम्मेवारीपूर्वक काम गर्‍यो भने देशलाई सकारात्मक दिशातर्फ लैजान सकिन्छ ।

आज आवश्यक कुरा भनेको दोषारोपण होइन, सुधारको प्रतिबद्धता हो । राजनीति सेवा र जिम्मेवारीको माध्यम बन्न सक्यो भने मात्र जनताको विश्वास पुन:स्थापित हुनसक्छ ।

अन्तत: लोकतन्त्रको सार यही हो- जनताको इच्छा सर्वोपरि हुन्छ । जब नागरिक सचेत हुन्छन् र आफ्नो अधिकार प्रयोग गर्छन् तब देशको राजनीतिक दिशा पनि परिवर्तन हुन्छ ।

यस अर्थमा हेर्दा आजको परिस्थिति कुनै एक दल वा व्यक्तिको मात्र हार होइन । यो लोकतान्त्रिक चेतनाको सङ्केत पनि हुनसक्छ । यदि सबै राजनीतिक शक्तिहरूले यसबाट पाठ सिके भने भविष्यमा नेपालको राजनीति अझ परिपक्व, उत्तरदायी र जनमुखी बन्न सक्छ ।

त्यसैले अहिले आवश्यक कुरा भनेको एक-अर्कालाई दोष दिने होइन, जनताको सन्देशलाई बुझ्ने हो । जनताले दिएको सङ्केतलाई सही रूपमा ग्रहण गर्न सकियो भने यही क्षण नेपालका लागि नयाँ राजनीतिक अध्यायको सुरुवात बन्न सक्छ । तर, केवल नेतृत्व र दलहरूको आन्तरिक संरचनामा सुधार गर्नु पर्याप्त हुँदैन । प्रणालीगत सुधार पनि आवश्यक छ । निर्वाचन प्रक्रिया, प्रशासनिक पारदर्शिता, न्यायिक स्वतन्त्रता, र सार्वजनिक नीति कार्यान्वयनमा द्रुतता र प्रभावकारिता जस्ता पक्षहरूमा सुधार हुनु अनिवार्य छ । जबसम्म राजनीतिक नेतृत्वले यी क्षेत्रहरूमा ध्यान दिँदैन, तबसम्म जनताको जीवनमा वास्तविक परिवर्तन देखिन गाह्रो हुनेछ ।

शिक्षा र युवा सशक्तीकरण पनि राजनीति र समाजको दिगो विकासको आधार हुन् । आजको युवा पुस्ताले सूचना र विश्वव्यापी दृष्टिकोण राख्छ । उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने, नीति निर्माणमा सुझाव लिनु र उनीहरूको नेतृत्व क्षमता विकास गर्नु देशको दीर्घकालीन स्थायित्वका लागि महत्त्वपूर्ण छ ।

त्यस्तै गरी, नेपालमा सामाजिक समानता, क्षेत्रीय समृद्धि र अवसरको समान वितरण सुनिश्चित गर्नुपर्ने आवश्यकता छ । केवल राजधानी वा सहरमा केन्द्रित विकासले देशको वास्तविक क्षमता विकास गर्न सक्दैन । गाउँ र ग्रामीण क्षेत्रका नागरिकहरूको जीवनस्तर उकास्न र उनीहरूलाई देशको मुख्यधारामा ल्याउन समावेशी नीति आवश्यक छ ।

राजनीतिक संस्कारलाई नयाँ ढाँचामा लैजानु पनि आवश्यक छ । असहमति र विरोध केवल नकारात्मक होइन, बरु सुधार र संवादको माध्यम हुनुपर्छ । नेताहरूले व्यक्तिगत अहङ्कार र सत्ता संरक्षणको राजनीति परित्याग गरी साझा लक्ष्यमा केन्द्रित हुनुपर्छ । यसरी मात्र राष्ट्रिय हितलाई प्राथमिकता दिइएको लोकतान्त्रिक वातावरण सिर्जना गर्न सकिन्छ ।

अन्तत:, नेपालको राजनीति एक चरणगत यात्रा हो–जहाँ विगतका त्रुटिहरूबाट सिकेर भविष्य निर्माण गर्न सकिन्छ । आजको असन्तोष र परिवर्तनको सङ्केतले जनतालाई मात्र होइन, नेताहरूलाई पनि सचेत गराएको छ । यदि सबै राजनीतिक शक्ति आफ्ना कर्तव्यप्रति उत्तरदायी रहन सक्छन्, पारदर्शिता कायम राख्छन् र जनताको अपेक्षा पूरा गर्ने दिशामा काम गर्छन् भने नेपालले स्थायी लोकतन्त्र र दिगो विकासको मार्ग अवलम्बन गर्न सक्छ ।

त्यसैले, यो समय आलोचना र दोषारोपणभन्दा बढी सुधार, उत्तरदायित्व र साझा प्रयासको हो । जनताको आवाजलाई आत्मसात गर्दै अघि बढ्नु नै नेपालका लागि नयाँ राजनीतिक अध्यायको सुरुवात हुनेछ ।

## हार्दिक समवेदना



यस संस्थाका सदस्य नं. २३११ का **सृजना लाखाजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २०४३।०८।२८
निधन : २०८२।११।१७

**लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
इटाछेँ-२, भक्तपुर, फोन नं. ६६१९०६८

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा